# केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका, २०७१

## (पहिलो संशोधन, २०७८)

## वैशाख, २०७८

{ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०७८/१/२६ मा स्वीकृत}

# केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका,२०७१ (पहिलो संशोधन, २०७८)

**प्रस्तावना :** ग्रामीण तथा नवीकरणीय ऊर्जा प्रविधिको क्षेत्रमा अनुदान, भायबिलिटी ग्याप फण्डिङ्ग तथा उपभोक्ता कर्जाको प्रभावकारी परिचालन गर्न र नवीकरणीय ऊर्जा प्रविधिबाट प्राप्त हुने कार्बन आम्दानी उपयोग तथा व्यवस्थापन गर्न वित्तीय व्यवस्था सहितको एक केन्द्रीय नवीकरणीय ऊर्जा कोषको सञ्चालन गर्न आवश्यक भएकोले,

वैकल्पिक ऊर्जा विकास समिति गठन आदेश, २०५३ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी वैकल्पिक ऊर्जा विकास समितिले यो निर्देशिका बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम"केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका,२०७१ (पहिलो सशोधन,२०७८)" रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "अनुदान नीति" भन्नाले प्रचलित नवीकरणीय ऊर्जा अनुदान नीति सम्झनुपर्छ ।

(ख) "अनुपालन उपसमिति" भन्नाले केन्द्रको आर्थिक अनुशासन तथा सुशासन नियमावली, २०७५ को दफा ३७ मा व्यवस्था भए बमोजिमको उपसमिति सम्झनुपर्छ ।

(ग) "अनुपालन इकाई" भन्नाले दफा २२ बमोजिमको अनुपालन इकाई (Compliance Unit) सम्झनुपर्छ ।

(घ) "उपभोक्ता कर्जा" भन्नाले दिगो ऊर्जाका विभिन्न प्रविधिको माग गर्ने उपयोगकर्ता, व्यक्ति, समुदाय तथा उद्यमीलाई प्रदान गरिने कर्जा सुविधा सम्झनुपर्छ ।

(ङ) "क्याप्टिभ आयोजना" भन्नाले कुनै उद्योग वा व्यवसायले आफ्नै उपयोगको लागि वा आफूले उत्पादन गरेको विद्युतको कम्तीमा एकाउन्न प्रतिशत आफैले उपयोग गर्ने गरी बनाएको विद्युत आयोजना सम्झनुपर्छ ।

(च) "कार्यक्रम" भन्नाले केन्द्र अन्तर्गत विभिन्न विकास साझेदारहरु र नेपाल सरकारको सहयोग वा लगानीमा सञ्चालित कार्यक्रमहरु सम्झनुपर्छ ।

(छ) "कार्यक्रम दस्तावेज" भन्नाले विभिन्न विकास साझेदारहरुको सहयोगमा केन्द्र अन्तर्गत संचालित कार्यक्रमहरुको दस्तावेज सम्झनुपर्छ ।

(ज) "कार्यविधि" भन्नाले प्रचलित नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि सम्झनु पर्दछ ।

(झ) "केन्द्र" भन्नाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सम्झनुपर्छ ।

(ञ) "कोष" भन्नाले केन्द्रिय नवीकरणीय ऊर्जा कोष सम्झनुपर्छ ।

(ट) "थोक कर्जा" भन्नाले कोषले वित्तीय मध्यस्थकर्ताहरु मार्फत दिगो ऊर्जा क्षेत्रमा ऋण लगानी गर्न वित्तीय मध्यस्थकर्ताहरुलाई दिईने विउ कोष सम्झनुपर्छ ।

(ठ) "दिगो ऊर्जा" भन्नाले नवीकरणीय ऊर्जा र ऊर्जाको किफायती प्रयोगको माध्यमबाट भावी पुस्ताको आवश्यकता र क्षमतामा असर नपर्ने गरी वर्तमानको आवश्यकता परिपूर्ति गर्नको लागि उत्पादन/ उपयोग गरिने ऊर्जा सम्झनुपर्छ ।

(ड) "निर्देशक समिति" भन्नाले विभिन्न विकास साझेदारहरुको सहयोगमा केन्द्र अन्तर्गत सञ्चालित कार्यक्रमहरुको समन्वयात्मक तरीकाबाट कार्यान्वयनका लागि मन्त्रालयको नेतृत्वमा गठन भएको निर्देशक समिति सम्झनुपर्छ ।

(ढ) "प्रबन्ध बैंक" भन्नाले कोषको बित्तिय संयन्त्र अन्तर्गत वित्त व्यवस्थापनको मुख्य जिम्मेवारी तोकिएको निजी क्षेत्रको बैंक सम्झनुपर्छ ।

(ण) "प्रतिवद्धता नजनाइएको रकम" भन्नाले कोषमा रहेको अनुदान, प्राविधिक सहयोग तथा कर्जा सुविधाको लागि वितरण भई नसकेको र कुनै पनि अनुदान वा प्राविधिक सहयोग वा कर्जा वा भायबिलिटी ग्याप फण्डिङ्ग वा बैंकलाई प्रत्याभुति दिनका लागि प्रतिवद्धता नजनाइएको रकमलाई सम्झनुपर्छ ।

(त) "भायबिलिटी ग्याप फण्डिङ्ग (भि. जि. एफ.)" भन्नाले नवीकरणीय ऊर्जाको उत्पादन र सम्मिश्रण तथा ऊर्जाको किफायती उपयोगमा वृद्धि गरी ऊर्जाको पहुँच र ऊर्जा सुरक्षालाई प्रवर्द्धन गर्ने उदेश्यले निर्माण गरिने आयोजनाहरुलाई सम्भाव्य बनाउन प्रतिस्पर्धात्मक विधिबाट उपलब्ध गराइने लागत परिपूरण सहयोग सम्झनुपर्दछ । यस प्रयोजनको लागि नेपाल सरकार तथा विभिन्न विकास साझेदारहरुबाट च्यालेञ्ज फण्डको रुपमा प्राप्त हुने रकम समेत प्रयोग गरिनेछ ।

(थ) "मन्त्रालय" भन्नाले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनु पर्दछ ।

(द) "लगानी समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको लगानी समिति सम्झनुपर्छ ।

(ध) "विकास साझेदार" भन्नाले दिगो ऊर्जा क्षेत्रको विकासका लागि वित्तीय, प्राविधिक एवं वस्तुगत सहायता प्रदान गर्ने द्विपक्षीय राष्ट्र, बहुपक्षीय संस्था वा अन्य विश्वव्यापी कोष सम्झनुपर्छ ।

(न) "वित्तीय मध्यस्थकर्ता" भन्नाले संयुक्त रुपमा प्रवन्ध बैंक तथा साझेदार बैंकहरु सम्झनुपर्छ ।

(प) "व्यवसाय कर्जा" भन्नाले केन्द्रले छनौट गरेका दिगो ऊर्जा प्रविधिहरुको विकासकर्ता वा व्यक्तिलाई प्रदान गरिने कर्जा सुविधाहरु सम्झनुपर्छ ।

(फ) "सचिवालय" भन्नाले कोषको सचिवालय सम्झनुपर्छ ।

(ब) "समिति" भन्नाले वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश २०५३ को दफा ३ मा उल्लिखित वैकल्पिक ऊर्जा विकास समिति सम्झनुपर्छ ।

(भ) "साझेदार बैंक" भन्नाले कोषको रकम दिगो ऊर्जा क्षेत्रमा लगानी गर्न इच्छुक नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वा "ख" वर्गको बैंक सम्झनु पर्छ ।

**३. <u>कोषका उद्देश्यहरु</u> :** कोषका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) नवीकरणीय तथा ग्रामीण ऊर्जा प्रविधिको विकास, प्रवर्द्धन तथा विस्तार गर्नको लागि अनुदान, भायबिलिटी ग्याप फण्डिङ्ग (च्यालेञ्ज फण्ड), कर्जा तथा अन्य वित्तीय उपकरण मार्फत आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ख) वित्तीय मध्यस्थकर्ताहरु मार्फत सहुलियत दरमा कर्जा उपलब्ध गराउने ।

(ग) सार्वजनिक निजी साझेदारीमा नवीकरणीय ऊर्जा प्रविधिको विकास तथा प्रवर्द्धन गर्ने ।

(घ) नवीकरणीय ऊर्जा प्रविधिको विकास तथा प्रवर्द्धनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

(ङ) केन्द्र मार्फत सञ्चालन भएका स्वच्छ विकास संयन्त्र तथा स्वेच्छिक उत्सर्जन न्यूनीकरण सम्बन्धी कार्बन परियोजनाबाट प्राप्त भएको आम्दानीको उपयोग र प्रभावकारी व्यवस्थापन गर्ने ।

(च) केन्द्रले प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक तथा निजी क्षेत्रको लागत साझेदारीमा दिगो ऊर्जा, ऊर्जा दक्षता जस्ता प्रविधिहरुको क्षेत्रमा लगानीको उपयुक्त वातावरण तयार गर्न आवश्यक सहकार्य गर्ने ।

**<u>४. कोषका सञ्चालन सिद्धान्तहरुः</u>**- कोषलाई नियमित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न देहायका सिद्धान्तहरु अवलम्वन गरिनेछ :

(क) कोष नवीकरणीय ऊर्जा क्षेत्रको प्रमुख वित्तीय व्यवस्थाको रुपमा आफ्नै कार्यदिश तथा व्यवस्थापन संरचना सहितको एक स्वायत्त संयन्त्र (Operationally Autonomus Mechanism) हुनेछ ।

(ख) कोषले केन्द्रद्वारा प्रदान गरिने अनुदान, कर्जा, भायबिलिटी ग्याप फण्डिङ्ग लगायतका वित्तीय सहायता प्रवाह गर्ने संयन्त्रको रुपमा कार्य गर्नेछ ।

(ग) दीर्घकालमा अनुदानलाई उपभोक्ता कर्जा सुविधाहरुवाट प्रतिस्थापन गरिनेछ र कर्जा सुविधाको व्यवस्थापनको जिम्मेवारी प्रबन्ध बैंक तथा साझेदार बैंकहरुको हुनेछ ।

(घ) कोष अर्धसावधिक कोष (Semi Endowment Fund) को रुपमा सञ्चालित हुनेछ र बाँकी हुन आएको कोषको रकमलाई सुरक्षित वा कम जोखिम भएका क्षेत्रहरुमा लगानी गर्न तथा त्यसबाट आय आर्जन गर्न सक्ने गरी सञ्चालित गरिनेछ ।

(ङ) सञ्चित मुनाफालाई कोषको विस्तार गर्न तथा वित्तिय व्यवस्थालाई सुदृढ गर्न पूर्णरुपमा कोष भित्रै पुनः लगानी गरिनेछ ।

(च) कोषलाई वित्तीय मध्यस्थकर्ताहरुको छनौट गर्नको लागि पूर्ण स्वतन्त्रता हुनेछ ।

(छ) विभिन्न विकास साझेदारहरुबाट दिगो ऊर्जा विकासको लागि प्राप्त हुने लगानी तथा सहयोग एवं कार्वन आम्दानी, आदि एकद्वार प्रणाली मार्फत संचालन गर्ने व्यवस्था गरिनेछ ।

(ज) कोष सञ्चालन गर्दा गुणस्तरीयता, पारदर्शिता, मितव्ययिता र वित्तीय उत्तरदायित्व अपनाइनेछ ।

**<u>५. कोषका लगानी क्षेत्रहरु</u>** : कोषले नेपाल सरकारले समय समयमा तोकेको लक्ष्य हासिल गर्न देहायका क्षेत्रहरुमा लगानी गर्नेछ :

(क) सौर्य ऊर्जा आयोजनाहरु र प्रणालीहरु,

(ख) वायु ऊर्जा आयोजनाहरु÷प्रणालीहरु,

(ग) जैविक ऊर्जा आयोजनाहरु र प्रणालीहरु,

(घ) वायोग्यास प्लान्ट र आयोजनाहरु

(ङ) खाना पकाउने स्वच्छ चुलोको विकास, प्रवर्द्धन र विस्तार

(च) फोहोरबाट ऊर्जा उत्पादनको विकास, प्रवर्द्धन र विस्तार

(छ) लघु तथा साना जलविद्युत आयोजनाहरु र प्रणालीहरु,

(ज) सुधारिएको पानी घट्ट,

(झ) हाइड्रोजन, भूतापीय लगायत अन्य नवीकरणीय ऊर्जा,

(ञ) उत्पादनमूलक ऊर्जा उपयोग तथा परिप्रयोग,

(ट) नवीकरणीय ऊर्जा उत्पादन, ऊर्जा सम्मिश्रण, ऊर्जाको दक्षता तथा संरक्षण एवं ऊर्जा पहुँच विस्तार सम्बन्धी आयोजनाहरु,

(ठ) नवीकरणीय ऊर्जा प्रविधि सम्बन्धी उपकरणहरु उत्पादन तथा प्रशोधन गर्ने उद्योगहरु र आपूर्तिकर्ताहरु,

(ड) नेपाल राष्ट्र बैंकले तोकेका परिधि भित्र रही विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा कोषको नाममा ब्याज आम्दानी हुने गरी खाता सञ्चालन गर्ने वा अन्य न्यून जोखिम भएको लगानी योग्य क्षेत्रहरु,

(ढ) नेपाल सरकारले तोकेका नवीकरणीय ऊर्जा सम्बन्धी अन्य क्षेत्रहरु र

(ण) नेपाल सरकार र विभिन्न विकास साझेदारहरुबीच भएको सम्झौताको आधारमा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने परियोजनाहरु ।

६**. हटाइएको**

**६क. समिति :** (१) समितिले कोषको समग्र रणनीति तयार गर्ने, सुपरिवेक्षण गर्ने र दिशानिर्देश गर्ने कार्यहरु गर्नेछ ।

(२) लगानी समितिले गरेको कामको सम्बन्धमा समय समयमा समितिलाई जानकारी गराउनु पर्नेछ ।

**७. लगानी समिति :** (१) कोषको सञ्चालन तथा कार्यसम्पादनको रणनीतिक व्यवस्थापन, योजना निर्माण तथा अनुगमन गर्ने समग्र जिम्मेवारीको लागि देहाय बमोजिमको एक लगानी समिति रहनेछ :

| | |
|---|---|
| (क) ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयको सहसचिव | –अध्यक्ष |
| (ख) केन्द्रको कार्यकारी निर्देशक | – सदस्य |
| (ग) अर्थ मन्त्रालयको प्रतिनिधि (रा.प. द्वितीय श्रेणी) | – सदस्य |
| (घ) नेपाल बैंकर्स संघले तोकेको "क" वर्गको निजी क्षेत्रको वाणिज्य वैंकको प्रमुख कार्यकारी अधिकृत | – सदस्य |
| (ङ) विकास साझेदारहरुको तर्फबाट नियुक्त एकजना विज्ञ प्रतिनिधि | –सदस्य |
| (च) नवीकरणीय ऊर्जा क्षेत्रमा उत्पादन, वितरण वा व्यवस्थापन गर्ने संस्थाको तर्फबाट मन्त्रालयले तोकेको एक महिला सहित दुइजना प्रतिनिधि | –सदस्य |
| (छ) कोष सचिवालयको प्रमुख | –सदस्य सचिव |

(२) केन्द्रको आर्थिक प्रशासन शाखाको प्रमुख र मन्त्रालयको विकास सहायता तथा प्रादेशिक समन्वय शाखा (ऊर्जा) का प्रमुख लगानी समितिको स्थायी आमन्त्रित सदस्य रहनेछन् ।

(३) लगानी समितिको बैठकमा आवश्यकता अनुसार अन्य विज्ञ वा सम्बन्धित संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रुपमा सहभागी गराउन सकिनेछ ।

(४) लगानी समितिको बैठक अध्यक्षले बोलाउनेछ । यदि कुनै कारणवश अध्यक्ष उपस्थित हुन नसक्ने भएमा अध्यक्षको अनुमति लिई गणपूरक संख्यामा उपस्थित सदस्यहरु मध्ये वरियतामा वरिष्ठतम् सदस्यको  अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

(५) लगानी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र यस्तो बैठक सदस्यहरुको भौतिक वा भर्चुअल उपस्थितिमा गर्न सकिनेछ ।

(६) सदस्य सचिवले कम्तीमा एक हप्ता अगावै छलफलका विषय तथा आश्यक कागजातहरु संलग्न गरी बैठकको सुचना सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) बैठकमा गणपूरक संख्याको लागि विकास साझेदारको प्रतिनिधि समेत कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित हुनु पर्नेछ ।

(८) लगानी समितिको निर्णयको जानकारी बैठक भएको एक हप्ता भित्र सदस्य सचिवले सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ ।

(९) लगानी समितिका उपस्थित सम्पूर्ण सदस्यहरुले बैठकको निर्णय पुस्तिका स्वीकृत गर्नेछन् ।

(१०) लगानी समितिको निर्णय सहमतीय प्रणालीमा गरिनेछ तर कुनै कारणवश सहमति हुन नसकेमा बहुमतका आधारमा समेत गर्न सकिनेछ ।

(११) लगानी समितिले गरेको निर्णयको जानकारी लगानी समितिको अध्यक्षले समिति र निर्देशक समितिको बैठकमा गराउनु पर्नेछ ।

(१२) लगानी समितिका सदस्यहरुले लगानी समितिको कार्यसूचीमा समावेश भएको कुनै विषयमा निजी स्वार्थ रहेको भएमा त्यस्तो बैठकमा भाग लिन हुदैन ।

(१३) लगानी समितिले आवश्यकतानुसार उप–समिति गठन गर्न सक्नेछ ।

(१४) लगानी समिति तथा उप–समितिका सदस्यहरुको बैठक भत्ता समितिले तोकिदिए बमोजिम हुनेछ ।

**<u>८. लगानी समितिको काम, कर्तव्य र अधिकारहरुः</u>** (१) लगानी समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् :

(क) कोषको वार्षिक कार्ययोजना तथा बजेट स्वीकृत गर्ने ।

(ख) वार्षिक प्रगति प्रतिवेदनहरु स्वीकृत गर्ने ।

(ग) कोषमा रहेको मौज्दात रकमको व्यवस्थापन गर्ने ।

(घ) बैंक तथा परामर्शदाताको छनौटका लागि प्रक्रिया, मूल्यांकनका आधारहरु, योग्यता र कार्यक्षेत्रगत शर्तहरु निर्धारण गर्ने ।

(ङ) बैंक तथा परामर्शदाताको छनौट गरी सम्झौता गर्ने ।

(च) कोषको रणनीतिक वित्तीय व्यवस्थापन ढाँचा तयार गर्ने, आवश्यकता अनुसार वित्तीय व्यवस्थापनको पुनरावलोकन गर्ने, थोक कर्जाको लगानीको आधारहरु निर्धारण गर्ने र अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने ।

(छ) कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्यविधि, मापदण्ड तथा मार्गदर्शन स्वीकृत गर्ने

(ज) नवीकरणीय ऊर्जा अनुदान नीति अनुसार केन्द्रमा प्राप्त भएका अनुदान आवेदनहरुको प्राविधिक मूल्याङ्कन गरी अनुदान प्रवाह गर्नको लागि केन्द्रबाट सिफारिस भई आएका अनुदान आवेदनको भुक्तानीका लागि स्वीकृति दिने।

(झ) आवश्यकता अनुसार स्वतन्त्र मूल्याङ्कन समितिका विज्ञहरु मनोनयन गर्ने ।

(ञ) भायबिलिटी ग्याप फण्डिङ्ग सञ्चालनको लागिः

(अ) आयोजनाको आवेदन, अवधारणा-पत्र, पूर्ण प्रस्ताव, सम्भाव्यता अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन, संस्था परीक्षण, प्राविधिक डिजाइन, मूल्याङ्कनको आधार, कार्य सम्पादनमा आधारित सम्झौता, तथा अनुगमन तथा मूल्याङ्कनका लागि ढाँचा/मापदण्ड निर्धारण गर्ने ।

आ) स्वतन्त्र मुल्याङ्कन समितिले सिफारिस गरेका आयोजनाहरुको जाँच गरी उपयूक्त ठहरिएका आयोजनाहरु स्वीकृत गर्ने ।

(इ) भायबिलिटी ग्याप फण्डिङ्गको वित्तीय व्यवस्थापनको चौमासिक/वार्षिक समीक्षा, मापदण्ड निर्धारण, निगरानी प्रणाली र प्रक्रियाहरुको विकासको लागि रणनीतिक वित्तिय प्रावधान तयार गर्ने/गराउने ।

(ट) वार्षिक नीति तथा कार्यक्रम, वित्तीय प्रक्षेपण र योजनाको आधारमा आवश्यक बजेट रकम निकासाको लागि स्वीकृति प्रदान गर्ने ।

(ठ) अनुपालन इकाईबाट प्रतिवेदनहरु लिने तथा प्राप्त सिफारिसहरुको कार्यान्वयन भए नभएको हेर्ने ।

(ड) सचिवालयको कार्य सम्पादन मूल्याँकन गर्ने ।

(ढ) सचिवालयको लोगो, छाप, लेटरप्याड, संरचनात्मक ढाँचा तोक्ने ।

(ण) आवश्यकता अनुसार कोषको कार्यबोझ बमोजिम विषयगत विज्ञहरु छनौट गर्ने तथा कार्यविवरण सहित थप कर्मचारीहरुको पद सृजना गर्ने ।

(त) निर्देशक समितिबाट स्वीकृत एकीकृत नतीजा ढाँचा (Integrated Result Framework) को आधारमा अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरी निर्देशक समितिमा पेश गर्ने ।

(थ) कर्जा तथा भायबिलिटी ग्याप फण्डिङ्ग परिचालन गर्न लगानी गर्ने बैंक वा वित्तीय संस्थाहरुलाई प्रत्याभूति दिने खालको पद्धति तयार गर्ने ।

(द) सम्भाव्य कर्जा उपयोगकर्ताहरुलाई कर्जा लिन, उपयोग गर्न र नियमित भुक्तानी गर्नका सक्षम बनाउन आवश्यकता अनुसार विभिन्न प्रकारका क्षमता अभिवृद्धि तथा प्राविधिक सहयोगका कार्यक्रमहरु तय गरी सचिवालय मार्फत कार्यान्वयन गर्ने गराउने ।

(ध) वित्तीय मध्यस्थकर्ताहरुले कोषको नीति/नियम तथा मार्गनिर्देशनहरु पालना गरे/नगरेको बारे सचिवालयले गरेको अनुगमन सम्बन्धी प्रतिवेदन उपर सचिवालयलाई आवश्यक निर्देशन दिने ।

(न) कोषको उद्देश्य प्राप्तिका लागि केन्द्रसँग आवश्यक समन्वय गर्न सचिवालयलाई निर्देशन दिने ।

(प) सचिवालयले पेश गरेको भायबिलिटी ग्याप फण्डिङ्ग लगायत अन्य वित्तीय उपकरण सम्बन्धी प्रस्तावहरु तोकिएको प्रक्रियाको आधारमा स्वीकृत गर्ने ।

(फ) कोष मार्फत भए गरेका योजना, कार्यक्रम, अनुदान प्रवाह, ऋण प्रवाह, भायबिलिटी ग्याप फण्डिङ्ग प्रवाह र उपलब्धीहरुको विवरण अद्यावधिक गर्न सचिवालयलाई आवश्यक निर्देशन दिने ।

(ब) सचिवालयले पेश गरेका लगानी सम्बन्धी विवाद तथा गुनासोहरुलाई समाधान गर्न सचिवालयलाई आवश्यक निर्देशन दिने ।

(भ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(२) लगानी समितिले कोषको बजेट, आय विवरण, कोषको अवस्था र वस्तुस्थिति, क्षमता विकास र स्थलगत अनुगमनका सम्बन्धमा आवश्यक प्रतिवेदन पेश गर्न सचिवालयलाई निर्देशन दिन सक्नेछ ।

(३) लगानी समितिले सम्पादन गरेको कार्यको प्रतिवेदन अर्धवार्षिक/वार्षिक रुपमा समितिलाई पेश गर्नुपर्नेछ।

**९. कोषको सचिवालय :** (१) लगानी समितिको काम, कर्तव्य र अधिकार बमोजिमका कार्यहरु गर्न गराउन एक सचिवालय रहनेछ ।

(२) सचिवालयमा कोष सचिवालय प्रमुख सहित अनुगमन तथा व्यवस्थापन विषय सम्बन्धी विज्ञ, क्षमता विकास विषय सम्बन्धी विज्ञ, लेखा विषय सम्बन्धी व्यवस्थापक, भायबिलिटी ग्याप फण्डिङ्ग विषय सम्बन्धी व्यवस्थापक र खरिद विषय सम्बन्धी विज्ञ गरी जम्मा छ जना कर्मचारीहरु रहनेछन् । साथै कोषको व्यावसायिक योजना तथा संचालन हुने कार्यक्रमका लागि आवश्यकता अनुसार अन्य कर्मचारीहरु पनि रहन सक्नेछन् ।

(३) सचिवालय प्रमुख सचिवालयको कार्य सञ्चालनको लागि पूर्ण रुपले जिम्मेवार हुनेछ तथा लगानी समिति प्रति उत्तरदायी हुनेछ ।

(क) अनुगमन तथा व्यवस्थापन विज्ञले मुख्य रुपमा साझेदार बैंकहरुले सम्झौता अनुरुप कार्य गरे/ नगरेको अनुगमन गर्ने तथा कोषको सचिवालयको व्यवस्थापन गर्ने कार्य गर्नेछ ।

(ख) क्षमता विकास विज्ञले विभिन्न सरोकारवाला निकायहरुका क्षमता तथा वृत्ति विकास सम्बन्धी कार्य गर्नेछ ।

(ग) लेखा व्यवस्थापकले कोषको सम्पूर्ण लेखा सम्बन्धी व्यवस्थापनको कार्य गर्नेछ ।

(घ) भायबिलिटी ग्याप फण्डिङ्ग व्यवस्थापकले भायबिलिटी ग्याप फण्डिङ्ग सम्बन्धी कार्यहरु गर्नेछ ।

(ङ) खरिद विज्ञले खरिद सम्बन्धी सम्पूर्ण कार्यहरु गर्नेछ ।

(४) माथि उल्लेखित कोषको सचिवालयको कर्मचारीहरुको अन्य कार्यहरु कार्य क्षेत्रगत शर्त बमोजिम हुनेछ।

(५) सचिवालयको कार्यालय काठमाडौं उपत्यका भित्र रहनेछ ।

**१०. सचिवालयको काम, कर्तव्य र अधिकारहरुः** (१) सचिवालयका काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् :

(क) कोष मार्फत संचालन हुने कार्यक्रम तथा लक्ष्यहरुका आधारमा वार्षिक कार्ययोजना र बजेट तयार गरी लगानी समिति समक्ष स्वीकृतिको लागि पेश गर्ने ।

(ख) वार्षिक प्रगति प्रतिवेदन तयार गरी लगानी समिति समक्ष स्वीकृतिको लागि पेश गर्ने ।

(ग) कोषमा रहेको मौज्दात रकम व्यवस्थापन गर्न आवश्यक कार्ययोजना तयार गरी लगानी समिति समक्ष स्वीकृतिको लागि पेश गर्ने ।

(घ) बैंक छनौट तथा परामर्शदाताको छनौटको लागि प्रक्रिया, मूल्यांकनका आधारहरु योग्यता र कार्य क्षेत्रगत शर्तहरु तयार गरी लगानी समिति समक्ष स्वीकृतिको लागि पेश गर्ने ।

(ङ) बैंक तथा परामर्शदाताको छनौट गरी सम्झौता गर्ने प्रक्रियामा लगानी समितिलाई सहयोग गर्ने ।

(च) कोषको रणनीतिक वित्तीय व्यवस्थापन ढाँचा तयार गर्ने, आवश्यकता अनुसार वित्तीय व्यवस्थापनको पुनरावलोकन गर्ने थोक कर्जाको लगानीको आधारहरु निर्धारण गर्ने र अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्न आवश्यक कार्ययोजना तयार गरी लगानी समिति समक्ष स्वीकृतिको लागि पेश गर्ने ।

(छ) कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्यविधि, मापदण्ड तथा मार्गदर्शन तयार गरी लगानी समिति समक्ष स्वीकृतिको लागि पेश गर्ने ।

(ज) स्वीकृत भई आएका अनुदान आवेदनको भुक्तानीका लागि लगानी समिति मार्फत आवश्यक स्वीकृति लिने ।

(झ) कोषको सम्पूर्ण वित्तीय अवस्था झल्कने प्रतिवेदन आवश्यक परेको बेला तत्कालै हेर्न मिल्ने प्रणालीको विकास गर्ने ।

(ञ) आवश्यकता अनुसार स्वतन्त्र मूल्यांकन समितिका विज्ञहरु छनौट गर्न योजना बनाई लगानी समिति समक्ष स्वीकृतिको लागि पेश गर्ने ।

(ट) भायबिलिटी ग्याप फण्डिङ्ग परिचालन गर्नका लागि लगानी समितिले समय समयमा दिएको नीति निर्देशनको पालना गरी भायबिलिटी ग्याप फण्डिङ्ग सञ्चालन गर्ने ।

(ठ) वार्षिक नीति तथा कार्यक्रम, वित्तीय प्रक्षेपण र योजनाका आधारमा आवश्यक बजेट रकम निकासाको स्वीकृतिको लागि लगानी समिति समक्ष पेश गर्ने ।

(ड) अनुपालन इकाईबाट लगानी समितिलाई प्राप्त भएको प्रतिवेदन तथा सिफारिसहरुको कार्यान्वयन गर्ने।

(ढ) आवश्यकता अनुसार कोषको कार्यबोझ बमोजिम विषयगत विज्ञहरु छनौट गर्न तथा कार्य विवरण सहित थप कर्मचारीहरुको पद सिर्जना गर्न कोषको व्यवसायिक योजना अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) गर्ने ।

(ण) कर्जा तथा भायबिलिटी ग्याप फण्डिङ्ग परिचालन गर्न लगानी गर्ने बैंक वा वित्तीय संस्थाहरुलाई प्रत्याभूति दिने खालको पद्धति तयार गरी लगानी समितिबाट स्वीकृत गराउने ।

(त) सम्भाव्य कर्जा उपयोगकर्तालाई कर्जा लिन, उपयोग गर्न र नियमित भुक्तानी गर्नका लागि सक्षम बनाउन आवश्यकता अनुसार क्षमता अभिवृद्धि तथा प्राविधिक सहयोगका कार्यक्रमहरु तयार गरी लगानी समितिबाट स्वीकृत गराउने ।

(थ) लगानी समितिले स्वीकृत गरेको वार्षिक लक्ष्य हासिल गर्ने तथा बजेट कार्यान्वयन गर्ने ।

(द) वित्तीय मध्यस्थकर्ताहरुले कोषको नीति, नियमहरु तथा मार्गदर्शनहरु पालना गरे /नगरेको अनुगमन गर्ने ।

(ध) कोषको उद्देश्य प्राप्तिका लागि केन्द्रसँग आवश्यक समन्वय गर्ने ।

(न) अनुदान प्रवाहमा प्रबन्ध बैंकलाई आवश्यक सहयोग गर्ने ।

(प) भायबिलिटी ग्याप फण्डिङ्ग लगायत अन्य वित्तीय उपकरण सम्बन्धी प्रस्तावहरु तोकिएको प्रक्रियाको आधारमा लगानी समितिको स्वीकृतिको लागि पेश गर्ने ।

(फ) वित्तीय मध्यस्थकर्ताहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी लगानी समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने ।

(ब) कोष मार्फत भए गरेका योजना, कार्यक्रम, अनुदान प्रवाह, ऋण प्रवाह, भायबिलिटी ग्याप फण्ड प्रवाह र उपलब्धीहरुको विवरणहरु अद्यावधिक गर्ने ।

(भ) चौमासिक, वार्षिक र आवश्यकता अनुसार कोष सम्बन्धी प्रतिवेदन तयार गरी लगानी समितिमा पेश गर्ने ।

(म) कोषको लगानी सम्बन्धी विवाद तथा गुनासोहरु समाधान गर्न सिफारिस सहित लगानी समितिमा पेश गर्ने ।

(य) समिति र लगानी समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(२) सचिवालयले सूचना प्राप्त गर्न, प्रतिवेदन तयार तथा विश्लेषण गर्न र अनुगमन गर्नको लागि व्यवस्थापन सूचना प्रणाली बनाउन सक्नेछ ।

**११. <u>हटाइएको</u>**

**<u>१२. प्रबन्ध बैंक</u>** : (१) प्रबन्ध बैंक कोषको वित्तिय संयन्त्र अन्तर्गत कोषहरुको समग्र व्यवस्थापन गर्नको लागि मुख्य जिम्मेवारी तोकिएको वित्तिय संस्था हो ।

(२) प्रबन्ध बैंकले कोषको वित्तीय सम्पत्तिहरुको व्यवस्थापनको लागि देहाय बमोजिमका मुख्य कार्यहरु गर्नेछ :

(क) अनुदान नीति तथा कार्यविधि अनुसार स्वीकृत अनुदान आवेदनहरुको आवश्यक जाँचबुझ गरी अनुदान रकमको भुक्तानी गर्ने ।

(ख) लगानी समिति वा केन्द्रको निर्णयको आधारमा भायबिलिटी ग्याप फण्डिङ्गको रकम भुक्तानी गर्ने ।

(ग) लगानी समिति वा केन्द्रको निर्णयको आधारमा कर्जाको लागि छुट्याइएको रकम आफै वा साझेदार बैंक मार्फत नवीकरणीय ऊर्जा आयोजना विकासकर्ता वा व्यक्तिलाई लगानी गर्ने ।

(घ) कोषमा जम्मा हुन आएका प्राविधिक सहयोग तथा संचालन खर्च बापतको रकम सचिवालयको निर्णयको आधारमा भुक्तानी गर्ने ।

(ङ) कोषमा जम्मा हुन आएको रकम तोकिए बमोजिम लगानी गर्ने र

(च) सम्झौता बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) प्रबन्ध बैंकले मासिक, चौमासिक र बार्षिक रुपमा र आवश्यकता अनुसार सचिवालयमा आफ्नो कामको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(४) प्रबन्ध बैंकलाई कोषले प्रदान गर्ने सम्पूर्ण रकम एक निक्षेपको रुपमा रही सो निक्षेपमा प्रबन्ध बैंकले कोषसँग भएको सम्झौताको आधारमा निश्चित ब्याज प्रदान गर्नेछ । यसरी ब्याज प्रदान गर्दा दैनिक मौज्दातको आधारमा गर्नुपर्नेछ ।

(५) ऋण लगानी गर्दा सम्झौता बमोजिमको जोखिम बहन गर्नुपर्नेछ ।

**१३. साझेदार बैंकः** (१) कोषको उद्देश्य बमोजिम कर्जा प्रवाह गर्नको लागि साझेदार बैंकहरु जिम्मेवार हुनेछन् र यिनै साझेदार बैंकहरुको माध्यमबाट नवीकरणीय ऊर्जा आयोजना विकासकर्ता वा व्यक्तिलाई कोषको कर्जा रकम उपलब्ध गराईनेछ । ऋण लगानी गर्दा सम्झौता बमोजिमको जोखिम साझेदार बैंकले वहन गर्नुपर्नेछ ।

(२) साझेदार बैंकका मुख्य कार्यहरु देहाय बमोजिम हुनेछन् :

(क) लगानी समिति वा केन्द्रबाट अनुदानका लागि सिफारिस भएका वा अनुदानका लागि निवेदन नदिई उपभोक्ता कर्जाका लागि मात्र निवेदन दिएका नवीकरणीय ऊर्जा आयोजना विकासकर्ता वा व्यक्तिलाई कोषको रकमबाट कर्जा सुविधाहरु खुद्रा रुपमा उपलब्ध गराउने ।

(ख) कर्जा लगानी योग्य प्रस्तावहरु लिनको लागि केन्द्र तथा कोषसँग समन्वय र सहकार्य गर्ने ।

(ग) कर्जा रकम स्वीकृत गर्नुपूर्व आयोजनाको संभाव्यताको लागि केन्द्र र कोषको सचिवालयसँग सहकार्य गरी आन्तरिक रुपमा विश्लेषण गर्ने ।

(घ) आयोजनाको वित्तीय सम्भाव्यता एवं उपयुक्त उत्पादनशील परिप्रयोग सुनिश्चित गर्नको लागि कर्जा स्वीकृत गर्नुपूर्व सो सम्बन्धमा मूल्यांकन गर्ने र

(ङ) च्यालेन्ज फण्डका लागि छनौट भएका आयोजनाहरुमा कर्जाको माग भएमा बैंकको तर्फबाट आवश्यक मूल्याङ्कन गरी कर्जा लगानी गर्ने ।

(३) साझेदार बैंकको सञ्चालन सम्बन्धी विधि, प्रक्रिया एवं सेवा शर्तहरुका सम्बन्धमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(४) ऋण लगानी गर्दा सम्झौता बमोजिमको जोखिम बहन गर्नुपर्नेछ ।

**१४. प्रबन्ध बैंक र साझेदार बैंकको छनौट** : (१) लगानी समितिले आवश्यक खुल्ला, प्रतिस्पर्धात्मक र पारदर्शी विधि र प्रक्रिया निर्धारण गरी बोलपत्र र वार्ताबाट आवश्यकता अनुसार वित्तीय मध्यस्थकर्ता (प्रबन्ध बैंक र साझेदार बैंकहरु) को छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बैंकहरुको छनौट कार्यका लागि आवश्यकता अनुसार विज्ञहरुको समेत सहयोग लिन सकिनेछ ।

(३) प्रबन्ध बैंक र साझेदार बैंकहरुको छनौटका लागि योग्यताका शर्तहरु देहाय बमोजिम हुनेछन्ः-

(क) बैंकको दर्ता र प्रधान कार्यालय नेपालमा भएको हुनु पर्नेछ ।

(ख) नेपाल राष्ट्र बैंकको वर्गीकरण अनुसार प्रबन्ध बैंक "क" वर्गको र साझेदार बैंकहरु "क" वा "ख" वर्गको बैंक हुनुपर्नेछ ।

(ग) वित्तीय मध्यस्थकर्ताहरुले देहायका न्युनतम वित्तीय शर्तहरु पूरा गर्नुपर्नेछः-

(अ) पछिल्लो तीन वर्षमा हरेक वर्ष कम्तीमा दश प्रतिशत पूँजी पर्याप्तता अनुपात कायम गरेको हुनुपर्ने छ ।

(आ) पछिल्लो तीन वर्षमा हरेक वर्ष सञ्चालनमा खुद मूनाफा गरेको हुनुपर्नेछ ।

(इ) प्रबन्ध बैंक र साझेदार बैंकको हकमा पछिल्लो आर्थिक वर्षको निष्क्रिय कर्जा कूल कर्जा लगानीको क्रमशः २.० र २.५ प्रतिशत ननाघेको हुनुपर्नेछ ।

(ई) पछिल्लो आर्थिक वर्षमा बाध्यात्मक तरलता अनुपात (Statutory Liquidity Ratio-S.L.R.), नगद मौज्दात अनुपात (Cash Reserve Ratio-C.R.R.), तथा निक्षेप र लगानीको अनुपात जस्ता सूचकहरु नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुसार भएको हुनुपर्नेछ ।

(घ) वित्तीय मध्यस्थकर्ताहरुले प्रस्ताव पेश गर्दा बोलपत्रमा उल्लिखित शर्तहरु स्वीकार गरेको हुनु पर्नेछ।

(ङ) वित्तीय मध्यस्थकर्ताहरु छनौट गर्दा देहायको आधारमा गरिनेछ :

(अ) कर्जा लगानीमा वित्तीय मध्यस्थकर्ताहरुको तर्फबाट गरिने स्वःलगानी (लेभरेज) लाई प्राथमिकता दिइनेछ ।

(आ) वित्तीय मध्यस्थकर्ताहरुले कोषको मौज्दात रकम र कोषबाट प्राप्त कर्जामा कोषलाई दिने दैनिक ब्याजदर अधिकतम प्रस्ताव गर्नेलाई प्राथमिकता दिइनेछ ।

(इ) वित्तीय मध्यस्थकर्ताहरुले कोष मार्फत प्राप्त रकमबाट कर्जा प्रवाह गर्दा ऋणीसँग लिने ब्याजदर न्यूनतम् प्रस्ताव गर्नेलाई प्राथमिकता दिइनेछ ।

(ई) कोष मार्फत उपलब्ध गराइने रकमको सदुपयोग सम्बन्धी योजना तथा वितरण व्यवस्थालाई सहयोग पुग्ने पूर्वाधारका विषयमा उल्लेख भएको व्यवसायिक प्रस्ताव ।

(उ) प्रबन्ध बैंकले कोषको रकम परिचालन र स्थलगत अनुगमनको लागि आवश्यक जनशक्ति योजना ।

(ऊ) साझेदार बैंकले कर्जा वितरण गर्ने शाखाहरुको विवरण, स्थानीय वित्तीय संस्थाहरुसँग साझेदारी भएको भए सो विषय, विद्यमान कर्जा सेवाहरु तथा कर्जा योजनाहरु ।

(ए) कार्यसम्पादन जोखिम न्यूनीकरण गर्नको लागि पर्याप्त ध्यान दिइने योजना।

(ऐ) उस्तै प्रकृतिको कार्यहरु सम्पादन गरेको कार्यानुभव

(ओ) कोष मार्फत लगानीका लागि पहिचान गरिएका भौगोलिक क्षेत्रमा अधिकतम शाखा सञ्जाल र संख्या भएका वित्तीय मध्यस्थकर्ता

(औ) लगानी समितिले तोकेको अन्य आधार

**१५. कोषको वार्षिक कार्ययोजना तथा बजेट निर्माण प्रक्रिया** : (१) कोषको वार्षिक कार्ययोजना तथा बजेट निर्माण गर्दा देहायका कुराहरुमा ध्यान पुऱ्याउनुपर्नेछ :

(क) नेपाल सरकार एवं समितिले स्वीकृत गरेका उद्देश्य, लक्ष्य तथा योजना अनुसार बजेटको तर्जुमा गर्ने।

(ख) अघिल्लो वर्षको वास्तविक आय व्यय तथा सञ्चित रकमको अवस्था उल्लेख हुनुपर्ने ।

(ग) कोषमा उपलब्ध रकमको आधारमा बजेटको निर्माण गर्नुपर्ने ।

(घ) बजेटको सिलिङ्ग तथा वित्तीय लगानीको सीमाहरुलाई पालना गरेको हुनुपर्ने र

(ङ) केन्द्रको योजना शाखासँग समन्वय गरी कोष मार्फत प्रवाह हुने सम्पूर्ण अनुदान, प्राविधिक सहयोग तथा भौतिक लक्ष्यहरुको स्पष्ट योजना सहित नेपाल सरकारको ढाँचामा तयार गर्ने

(२) बजेटको तयारी गर्ने सिलसिलामा देहायको प्रक्रिया अवलम्वन गरिनेछ :

(क) नेपाल सरकारको नीति एवं समितिको निर्देशन एवं प्रचलित नीतिहरुलाई ध्यान दिइनेछ ।

(ख) सचिवालयले बजेटको सिलिङ्ग तथा वित्तीय सम्पत्तिको सीमा, विकास साझेदारहरुबाट प्राप्त थप रकम, विगतको उपयोग तथा वित्तीय मध्यस्थकर्ताहरुले दिएको सुझावलाई ध्यान दिनेछ ।

(ग) साझेदार बैंक र प्रबन्ध बैंकबाट प्राप्त लगानी सम्बन्धी अनुमानित बजेट तथा अनुमानित खर्चहरुको आधारमा सचिवालयले वार्षिक कार्ययोजना तथा बजेट तयार गरी लगानी समितिमा स्वीकृतिको लागि पेश गर्नेछ ।

(घ) वार्षिक कार्ययोजना तथा बजेटलाई अन्तिम रुप दिनको लागि पर्याप्त छलफल तथा परामर्श गर्नेछ।

(ङ) नयाँ आर्थिक वर्ष प्रारम्भ भएको मितिले ४५ दिनभित्र वार्षिक कार्ययोजना तथा बजेट स्वीकृत गर्नेछ।

(च) सचिवालयको प्रमुखले स्वीकृत वार्षिक कार्ययोजना तथा बजेट संशोधन गर्नुपर्ने पर्याप्त कारण र आधार देखेमा लगानी समितिबाट स्वीकृत सीमाभित्र रही पूनः बाँडफाँडको लागि लगानी समितिमा पेश गर्न सक्नेछ ।

**१६. उपभोक्ता कर्जाका शर्तहरु :** (१) उपभोक्ता कर्जाका शर्तहरु देहाय बमोजिम हुनेछन् :

(क) उपभोक्ता कर्जाका लागि आवेदन दिएका व्यक्ति वा संस्थालाई कर्जा उपलब्ध गराइनेछ । साथै, माथि उल्लिखित कर्जा उपलब्ध हुने व्यक्ति वा संस्थाले अनुदान नीति बमोजिमको प्रक्रिया पुरा गरी अनुदान समेत प्राप्त गर्न सक्ने ।

(ख) उपभोक्ता कर्जा सुविधाको लागि प्रस्ताव मुल्यांकन गर्दा वित्तीय मध्यस्थकर्ताहरुका न्यूनतम शर्तहरुमा एकरुपता हुनुपर्नेछ ।

(ग) उपभोक्ता कर्जा प्रवाह गर्दा कर्जाको किस्ता ऋणीको खुद नगद प्रवाहमा आधारित छ/छैन, अन्य वित्तीय दायित्वहरुको अवस्था के छ र बैंकसँगको कारोवारको अनुभवको पृष्ठभूमि कस्तो छ भन्ने समेतका विषयहरुलाई आधार लिन सक्नेछ ।

(घ) केन्द्र वा प्रदेश सरकार वा स्थानीय तहसँगको लागत साझेदारी र सहकार्यमा निर्माण हुने आयोजनाहरुको हकमा त्यस्तो साझेदारी वा सहकार्य भएको खुल्ने कागजात पेश गरेको हुनुपर्नेछ।

(ङ) वित्तीय मध्यस्थकर्ताको आन्तरिक मार्गदर्शन अनुसार धितो सुरक्षण मान्यता प्रदान गरिएको, लिखत गरिएको तथा समयमै कर्जा चुक्ता गर्न नसकेमा सो धितोमा कानूनी रुपमा अधिकार स्थापित भएको कागजात हुनुपर्नेछ ।

(च) वित्तीय मध्यस्थकर्ताको हित संरक्षण गर्नको लागि धितो सुरक्षणमा रहेको सम्पत्तिको बिमा गरिएको हुनुपर्ने ।त्यस्तो बिमाको खर्च वित्तीय मध्यस्थकर्ता र ऋणीबीचको सम्झौता बमोजिम वित्तीय मध्यस्थकर्ता वा ऋणी स्वयंले व्यहोर्नु पर्नेछ ।

**१७. व्यवसाय कर्जाका शर्तहरु :** (१) व्यवसाय कर्जाका शर्तहरु देहाय बमोजिमका हुनेछन् :

(क) व्यवसाय कर्जाका लागि आवेदन दिएका व्यवसायीलाई कर्जा उपलब्ध गराइने । साथै, माथि उल्लिखित कर्जा उपलब्ध हुने व्यवसायीले अनुदान नीति बमोजिमको प्रक्रिया पुरा गरी अनुदान समेत प्राप्त गर्न सक्ने ।

(ख) व्यवसाय कर्जा लिनेले कुनै प्रकारको आपराधिक तथा गैह्र सामाजिक कार्यहरुमा संलग्न नभएको **अनुसूची १** बमोजिम स्वघोषणा गर्नुपर्ने ।

(ग) व्यवसाय कर्जाको प्राविधिक र वातावरणीय पक्षको मूल्यांकन केन्द्रले तथा वित्तीय पक्षको मुल्यांकन वित्तीय मध्यस्थकर्ताले गरेको हुनपर्ने ।

(घ) व्यवसाय कर्जाको लागि वित्तीय संभाव्यता सहितको मूल्यांकन गर्दा देहायका विषयहरुमा ध्यान दिनुपर्ने :

(अ) व्यवस्थापनको विश्वसनीयता तथा सक्षमता ।

(आ) वित्तीय सीमाहरु जस्तै : विभिन्न वित्तीय अनुपातहरु, वित्तीय प्रभावकारिता, मुनाफा, ऋण तिर्ने क्षमता आदि ।

(इ) व्यवसायिक योजनाको संभाव्यता एवं प्रभावकारिता र भावी लक्ष्यहरु ।

(ई) विगतको कर्जा कारोवारको लेखा तथा भुक्तानी अभिलेख ।

(उ) आवेदकको कारोवार सम्बन्धी वित्तीय, भौतिक तथा मानवीय श्रोत र वितरण संजालको अवस्था।

(ऊ) व्यावसायिक योजना तथा व्यवसायको खर्च संरचनाको मूल्यांकन ।

(ङ) दफा १६ को खण्ड (ङ) र (च) का विषयहरु यस दफामा पनि समान रुपमा आकर्षित हुने ।

(च) आयोजनामा आधारित धितो प्रणाली (प्रोजेक्ट फाइनान्सिङ्ग) लाई प्रोत्साहन गरिने।

**१८. साझेदार बैंकहरुलाई कोष प्रवाहः** (१) प्रबन्ध बैंकले लगानी समितिको निर्णयको आधारमा साझेदार बैंकहरुलाई निम्न सीमाभित्र रही रकम प्रवाह गर्न सक्नेछ :

(क) कोष वा साझेदार बैंकसँग भएको सम्झौतामा उल्लिखित भएका विषयहरु,

(ख) साझेदार बैंकको विगतको कर्जा लगानी सम्बन्धी अनुभव, र

(ग) पूँजी पर्याप्तता, निष्क्रिय कर्जा अनुपात, निक्षेप आदिका हिसाबले बैंकको क्षमता ।

**१९. अनुदान, भायबिलिटी ग्याप फण्डिङ्ग तथा कर्जा सम्बन्धी व्यवस्थाः** (१) कोषमा जम्मा हुने रकम नेपाल सरकार र विकास साझेदारबीच सम्पन्न सम्झौता बमोजिम अनुदान वा भायबिलिटी ग्याप फण्डिङ्ग वा कर्जा वा प्राविधिक सहयोगको लागि परिचालन गरिनेछ ।

(२) अनुदान सुविधा (भायबिलिटी ग्याप फण्डिङ्ग बाहेक) को वितरण कार्य देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकारको अनुदान नीति तथा कार्यविधि अनुसार अनुदान वितरण तथा कोष व्यवस्थापन गर्नुपर्नेछ ।

(ख) अनुदान वितरण कार्य प्रबन्ध बैंकले केन्द्रको प्राविधिक सहयोगमा गर्नेछ ।

(ग) प्रबन्ध बैंकको सेवा शुल्क सम्बन्धी व्यवस्था कोष र प्रबन्ध बैंकबीच भएको सम्झौता बमोजिम हुनेछ ।

(घ) अनुदान वितरणको प्रक्रिया देहाय अनुसार हुनेछः

(अ) अनुदानको लागि आवेदन लिने र प्राविधिक मूल्यांकन गरी आवेदन स्वीकृत गर्ने काम केन्द्रले गर्नेछ ।

(आ) अनुदान भुक्तानीको लागि प्राप्त आवेदनहरु केन्द्रले जाँच र स्वीकृत गरी नियमित रुपमा कोष मार्फत प्रबन्ध बैंकमा पठाउनेछ ।

(इ) अनुदान रकम अनुदान नीति तथा कार्यविधि अनुसार प्राविधिक, वातावरणीय तथा वित्तीय पक्षको मुल्यांकनको आधारमा स्वीकृत गरिनेछ ।

(ई) प्रबन्ध बैंकले केन्द्रबाट स्वीकृत अनुदान आवेदन फाराम लगानी समितिबाट निर्णय भए बमोजिमको प्रणाली (Online System) अनुसार जाँच गरी अनुदान वितरण सम्बन्धी कार्यहरु गर्नुपर्नेछ ।

(३) भायबिलिटी ग्याप फण्डिङ्ग सहयोग सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) भायबिलिटी ग्याप फण्डिङ्ग सहयोगका उद्देश्य र प्राथमिकताका क्षेत्रहरु **अनुसूची २** बमोजिम हुनेछन् ।

(ख) प्रारम्भिक छनौट प्रक्रिया तथा छनौटका आधारहरु **अनुसूची ३** बमोजिम हुनेछ ।

(ग) पूर्ण प्रस्ताव माग तथा अन्तिम छनौट सम्बन्धी प्रक्रियाहरु **अनुसूची** ४ बमोजिम हुनेछ ।

(घ) आयोजना लगानीका क्षेत्र, सहयोगको किसिम र सीमा **अनुसूची ५** बमोजिम हुनेछ

(ङ) भायबिलिटी ग्याप फण्डिङ्ग मार्फत सहयोग प्राप्त गर्न सक्ने सम्भावित आयोजनाहरु र प्रस्तावक संस्थाहरुको विवरण **अनुसूची ६** बमोजिम हुनेछ ।

(च) आयोजनाको कार्यान्वयन, गुणस्तर मापन तथा अनुगमन सम्बन्धी व्यवस्था **अनुसूची ७** बमोजिम हुनेछ ।

(४) कर्जा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) साझेदार बैंकहरुले पेश गरेको बजेट तथा सम्भाव्य आयोजनाहरुको सूची (पाइपलाईन) को आधारमा साझेदार बैंकहरुलाई कर्जा रकम उपलब्ध गराईने र पचास प्रतिशत भन्दा बढी रकम खर्च नभएमा सो रकमको अनुपातमा साझेदार बैंकहरुबाट कोषले प्रतिबद्धता शुल्क असुल गर्नेछ ।

(ख) साझेदार बैंकहरुले सम्झौतामा उल्लिखित कर्जा प्रवाहको सिद्धान्त बमोजिम उपभोक्तालाई खुद्रा कर्जा उपलब्ध गराउनुपर्नेछ ।

(ग) केन्द्रले साझेदार बैंकहरुलाई प्राविधिक रुपमा मूल्यांकन भएको प्रस्तावहरु उपलब्ध गराउनु पर्नेछ र साझेदार बैंकले समेत आफ्नो श्रोतबाट मूल्यांकन गराउन सक्नेछ ।

(घ) कोषबाट प्रबन्ध बैंकलाई तथा प्रवन्ध बैंकबाट साझेदार बैंकलाई उपलब्ध गराउने कोषको रकममा सम्झौतामा उल्लेख भए बमोजिम ब्याज लगाइनेछ ।

(ङ) उपभोक्तालाई उपलब्ध गराइने कर्जाको जोखिम साझेदार बैंकले नै व्यहोर्नु पर्नेछ र यसरी जोखिममा रहेको कर्जा असुल नभएको कारण दर्शाई साझेदार बैंकले कोषलाई निक्षेप भुक्तानी नगर्ने छुट पाउने छैन ।

(च) कर्जा लगानीको लाभ बढाउने कुरालाई उच्च रुपमा प्रोत्साहित गरिनेछ र आफ्नो रकम समेत लगानी गर्न चाहने बैंकहरुलाई प्राथमिकता प्रदान गरिनेछ । लगानी गर्दा क्रमशः बैंकहरुको हिस्सा बढाउने उद्देश्यले बैंक र कोषको लगानी रकमको अनुपात १:२ वाट १:१ र त्यसपछि २:१ हुने गरी लगानी बढाउने नीति लिईनेछ ।

**<u>२०. कर्जा रकम प्राप्त गर्न निवेदन दिनुपर्ने :</u>** (१) कर्जा लिनको लागि उपभोक्ताले आवश्यक कागजातहरु सहित कर्जा आवेदन फाराम भरी वित्तीय मध्यस्थकर्ता समक्ष पेश गर्नुपर्नेछ ।

(२) कर्जा आवेदन फाराममा निवेदकको नाम, सम्पर्क ठेगाना, आयोजना वा प्रणालीको कुल लागत, अनुदान रकम, कर्जाको उद्देश्य, आय विवरण तथा बैंकको आन्तरिक मार्गदर्शनहरु अनुसार आवश्यक पर्ने अन्य विवरणहरु उल्लेख गरेको हुनुपर्नेछ । तर अनुदानका लागि निवेदन नदिई उपभोक्ता कर्जाका लागि मात्र निवेदन दिएका निवेदनकर्ताहरुको हकमा अनुदान सम्बन्धी विवरण पेश गर्नु नपर्ने ।

(३) व्यवसाय कर्जाको हकमा आवेदकहरुले अन्य विषयहरुका अतिरिक्त देहायका विषयहरु लगायत कर्जा माग गरेको आयोजनाको विस्तृत योजना पेश पर्नेछ :

(क) आयोजनको परिचय, उद्देश्यहरु तथा लक्ष्यहरु,
(ख) प्रविधि, उत्पादन तथा व्यवसायको ढाँचा,
(ग) आयोजनाको औचित्य,
(घ) बजार अध्ययन,
(ङ) लागतको संरचना,
(च) आम्दानी प्रवाह र नगद प्रवाह विश्लेषण,
(छ) वातावरणीय प्रभावको विश्लेषण,
(ज) नवीन कुराको खोज,
(झ) आयोजना व्यवस्थापन सञ्चालन संरचना र
(ञ) सम्भावित जोखिमहरु तथा न्यूनीकरणका उपायहरु ।

**<u>२१. कर्जा स्वीकृत गर्ने :</u>** वित्तीय मध्यस्थकर्ताले आवेदकहरुबाट पर्न आएका आवेदनहरुको मूल्यांकन गरी देहाय बमोजिमका न्यूनतम शर्तहरु राखी आवेदकसँग गरिएको सम्झौताको आधारमा कर्जा रकम उपलब्ध गराउनेछः-

(क) कर्जाको प्रकार,
(ख) कर्जा अवधि,
(ग) ब्याजदर,
(घ) चुक्ता गर्ने अवधि,

(ङ) चुक्ता गर्ने शर्त,

(च) जरिवानाका शर्तहरु भए सो शर्तहरु,

(छ) जमानीको शर्त वन्देजहरु र

(ज) भुक्तानी सम्बन्धी व्यवस्थाहरु ।

**<u>२२. अनुपालन उपसमिति :</u>** (१) आयोजना तथा कार्यक्रमहरुको उपयुक्तता, प्रभावकारिता र गुणस्तरका लागि स्वीकृत प्रणालीहरु तथा कार्यविधिको पालना भए नभएको सुनिश्चित गर्न अनुपालन उपसमिति रहनेछ ।

(२) अनुपालन उपसमितिको काममा सहयोग पुऱ्याउन केन्द्रमा एक अनुपालन इकाई रहनेछ।

(३) अनुपालन इकाईमा आवश्यकता अनुसार विषयगत विज्ञहरुको व्यवस्था गर्न सकिनेछ ।

(४) अनुपालन उपसमितिका मुख्य कार्यहरु देहाय बमोजिम हुनेछन् :

(क) यस निर्देशिकामा उल्लेखित कार्यविधिहरु तथा अन्य सम्बन्धित नीतिहरुको अनुपालनको सम्बन्धमा पुनरावलोकन गर्ने ।

(ख) वित्तीय मध्यस्थकर्ताहरुबाट प्रवाह हुने अनुदान, भायबिलिटी ग्याप फण्डिङ्ग तथा कर्जा सुविधाहरुको अनुपालन सम्बन्धी आन्तरिक लेखापरीक्षण गर्ने ।

(ग) वित्तीय मध्यस्थकर्ता, लगानी समिति तथा केन्द्रलाई कोषसँग सम्बन्धित प्रणाली तथा कार्यविधिहरुमा सुधार गर्ने सम्बन्धमा आवश्यक सुझाव दिने ।

(घ) कुनै व्यक्ति वा संस्थाले कोषसँग भएको सम्झौता बमोजिम कार्य नगरेमा वा सम्झौता बमोजिमका शर्तहरु पालना नगरेमा सम्बन्धितलाई उचित समय दिई सचेत गराउन वा निलम्वन गर्न वा सम्झौता भंग गर्न लगानी समितिलाई सुझाव दिने ।

**<u>२३. निलम्बन गर्न सक्ने</u>** : (१) अनुपालन इकाईले गरेको आन्तरिक लेखापरीक्षणको आधारमा वित्तीय मध्यस्थकर्ताले सम्झौतामा उल्लिखित कुनै बिषय पालना गरेको नपाइएमा सचिवालयको सिफारिसमा लगानी समितिले त्यस्ता वित्तीय मध्यस्थकर्तालाई सचेत गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सचेत गराउनुपूर्व वित्तीय मध्यस्थकर्तालाई मनासिव माफिकको समय दिई सफाई पेश गर्ने मौका दिईनेछ ।

(३) उपदफा (१) बमोजिम सचेत गराइएको वित्तीय मध्यस्थकर्तालाई निश्चित समय दिई सुधारको मौका दिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम मौका दिईएकोमा सो अवधिभित्र उल्लेखनीय सुधार गरेको पर्याप्त आधार भएमा सचिवालयको सिफारिसमा लगानी समितिले सम्झौता बमोजिमको कार्यका लागि निरन्तरता दिनेछ । तर सो अवधिभित्र पर्याप्त सुधार नगरेको देखिएको अवस्थामा सचिवालयको सिफारिसमा लगानी समितिले सम्झौता रद्द गर्नेछ ।

**<u>२४. कोषमा रकम जम्मा गरिने</u>** : (१) कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछः –

(क) नेपाल सरकारबाट प्राप्त हुने रकम,

(ख) विकास साझेदारबाट प्राप्त सहयोग,

(ग) कार्बन आम्दानीबाट प्राप्त हुने रकम,

(घ) कोषको रकम लगानी गरे बापत प्राप्त हुने आम्दानी, र

(ङ) अन्य श्रोतबाट प्राप्त हुने रकम ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा गरिने रकमका अतिरिक्त केन्द्र अन्तर्गत रहेको लघु जलविद्युत कर्जा कोष तथा वायोग्यास कर्जा कोषको बाँकी रकम तथा सबै दायित्वहरु यस कोषमा स्थानान्तरण गरिनेछ ।

**<u>२५. कोषको खाता र यसको सञ्चालन :</u>** (१) दफा (२४) बमोजिम प्राप्त हुने रकम केन्द्र मार्फत प्रवन्ध बैंकको खातामा राखिनेछ ।

(२) प्रबन्ध बैंकमा देहाय बमोजिमका खाताहरु रहनेछन् :

**(क) लगानी खाता :**

(अ) दफा (२४) बमोजिम प्राप्त हुने रकम लगानी खातामा जम्मा गरिनेछ ।

(आ) माथि (अ) बमोजिम लगानी खातामा प्राप्त रकम विभिन्न प्रयोजनका लागि प्रतिबद्धता जनाइए अनुसार सम्बन्धित खातामा स्थानान्तरण गरिनेछ ।

(इ) नेपाल सरकार तथा विकास साझेदारहरुवाट प्राप्त विभिन्न प्रयोजनका लागि प्रतिवद्धता जनाइएको रकम सम्बन्धित खातामा सोझै जम्मा गर्न सकिनेछ ।

**(ख) अनुदान खाता :**

(अ) उपभोक्तालाई अनुदान उपलब्ध गराउन अनुदान खाता रहनेछ ।

(आ) अनुदान भुक्तानीका लागि प्रचलित नवीकरणीय ऊर्जा अनुदान नीति र परिचालन कार्यविधि बमोजिम अनुदान प्रवाह गरिनेछ ।

**(ग) कर्जा खाता :**

(अ) वित्तीय मध्यस्थकर्तालाई कर्जा रकम उपलब्ध गराउन कर्जा खाता रहनेछ ।

(आ) दफा (५) मा तोकिएका क्षेत्रमा आवश्यकता अनुसार वित्तीय मध्यस्थकर्तालाई सम्झौता बमोजिम रकम प्रवाह गरिनेछ ।

**(घ) सचिवालय खाता :**

(अ) कोषको कार्यक्रम तथा प्रशासकीय खर्चको लागि सचिवालय खाता रहनेछ ।

(आ) कोषको स्वीकृत वार्षिक कार्ययोजना तथा बजेटको आधारमा लगानी समितिबाट दफा (२६) मा भएको व्यवस्था बमोजिम कार्यक्रम सञ्चालन तथा प्रशासकीय खर्च व्यहोरिनेछ ।

**(ङ) भायबिलिटी ग्याप फण्डिङ्ग खाता**

(अ) भायबिलिटी ग्याप फण्डिङ्ग अन्तर्गतको कार्यक्रम सञ्चालनको लागि भायबिलिटी ग्याप फण्डिङ्ग खाता रहनेछ ।

(आ) यस खाताको परिचालन दफा १९ (३) बमोजिम हुनेछ ।

**(च) कार्बन आम्दानी खाता**

(अ) यस खातामा केन्द्र मार्फत सञ्चालन भएका उत्सर्जन न्यूनीकरण सम्बन्धी कार्बन परियोजनाबाट प्राप्त भएको आम्दानीको रकम जम्मा गरिनेछ ।

(आ) कार्वन आम्दानी उपयोग सम्वन्धी व्यवस्था **अनुसूची ८** बमोजिम हुनेछ ।

**(छ) ब्याज आम्दानी खाता :** स्रोतको आधारमा तथा खाताको आधारमा ब्याज बापत प्राप्त सम्पूर्ण रकम ब्याज आम्दानी खातामा जम्मा गर्न सकिनेछ ।

(३) विभिन्न विकास साझेदारले तोकिएको प्रयोजनको लागि उपलब्ध गराएको रकम छुट्टाछुट्टै खाता खोली सञ्चालन गर्न सकिनेछ ।

(४) कोषको खाताको सञ्चालन लगानी समिति वा लगानी समितिले तोकेका व्यक्तिहरुबाट हुनेछ ।

**२६. खर्चको व्ययभार र स्वीकृति** : (१) रणनीतिक योजना निर्माण र लगानी समिति तथा सचिवालयको दैनिक कार्य सञ्चालन, कार्यक्रम तथा प्रशासकीय खर्च सम्भव भएसम्म विकास साझेदारहरुले उपलब्ध गराएको सहायता रकमबाट व्यहोरिने छ, तर कुनै पनि विकास साझेदारले सो खर्चहरु नव्यहोरेमा कोषको लगानीबाट हुने आम्दानी वा ब्याज आम्दानीबाट त्यस्ता खर्चहरु व्यहोरिनेछ ।

(२) लगानी समितिले स्वीकृत गरेका प्रशासनिक तथा वित्तीय मार्गदर्शन र निर्देशिका लगायत प्रशासनिक तथा लेखा अभिलेख राख्ने सम्बन्धी शर्तहरुको पालनाको सुनिश्चित गर्नको लागि सचिवालय प्रमुख जिम्मेवार हुनेछ ।

(३) लगानी समितिका सदस्यहरुको बैठक भत्ता समितिवाट र सचिवालयमा नियुक्त विज्ञ तथा कर्मचारीहरुको तलब भत्ता लगानी समितिबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ ।

(४) देहायका सीमासम्मका खर्चहरु देहायको अख्तियारी बमोजिमको अख्तियार प्राप्त व्यक्तिले स्वीकृत गर्नु पर्नेछ :

| **क्र.स.** | **.रकम रु.** | **स्वीकृत गर्ने अधिकार** |
|---|---|---|
| १ | पाँच लाख सम्म | सचिवालय प्रमुख |
| २ | पाँच लाख भन्दा माथि | लगानी समिति |

**२७. प्रवर्द्धन, सचेतना तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्ने :** (१) नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धन, सचेतना तथा क्षमता अभिवृद्धिका लागि कोषले केन्द्रको सहयोगमा प्रदेश सरकार तथा स्थानीय तहलाई सहयोग गर्नेछ ।

(२) कोषले केन्द्रको सहयोगमा देहायका विषयहरुमा प्रवर्द्धन, सचेतना तथा क्षमता अभिवृद्धिका लागि विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नेछ:

(क) बजारमा उपलब्ध नवीकरणीय ऊर्जा प्रविधिहरु,

(ख) अनुदान र कर्जा सम्बन्धी उपलब्ध सुविधा तथा प्रक्रियाहरु,

(ग) भायबिलिटी ग्याप फण्डिङ्ग सम्बन्धी सुविधा तथा प्रक्रियाहरु,

(घ) कोषको उद्देश्य प्राप्तिको लागि आवश्यक अन्य कार्यहरु ।

**२८. हटाइएको**

**<u>२९. अनुगमन तथा मूल्यांकन</u>** : (१) कोषको रकमको व्यवस्थित एवं प्रभावकारी सञ्चालनको लागि देहायका उद्देश्यहरु हासिल गर्न अनुगमन तथा मूल्यांकन व्यवस्था अवलम्वन गरिनेछः

(क) समयमा सम्बन्धित संस्था तथा व्यक्तिलाई सही सूचना प्रदान गर्ने,

(ख) कोषको आय व्यय तथा आर्थिक अवस्था बिश्लेषण तथा अनुगमनका लागि वार्षिक तथा आवधिक आर्थिक विवरणहरुको ढाँचा, प्रवृत्ति तथा प्रकार तोक्ने र नियमित मूल्यांकन गर्ने ।

(ग) काम अनुसार कार्य सम्पादन तथा बजेट निर्धारण गर्ने ।

(घ) लक्षित कार्य सम्पादन सूचकहरु तथा उपलब्धीका आधारमा वार्षिक कार्यसम्पादन मूल्यांकन गर्ने,

(ङ) कोष तथा प्रतिबद्धता जनाइएको कोषको रकमको स्थिति निर्धारण गर्ने,

(च) वित्तीय मध्यस्थकर्ताहरुको कार्यसम्पादन मूल्यांकन गर्ने,

(छ) क्षमता विकासका उपायहरुका सम्बन्धी अवस्थाको मूल्यांकन गर्ने,

(ज) आयोजना तथा प्रणालीको स्थलगत अनुगमन गर्ने,

(झ) व्यवस्थापकीय सूचना प्रणालीको माध्यमवाट प्रतिवेदन तयार गर्न लगाउने र

(ञ) लेखापरीक्षण तथा पुनरावलोकनको प्रबन्ध अनुपालन इकाईको काम कारवाहीमा आधारित बनाउने।

(ट) अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यको लागि केन्द्र, प्रदेश सरकार तथा स्थानीय तहबीच सहकार्यको विकास गर्ने ।

(२) कोषको अनुगमन तथा मूल्यांकन गर्दा देहायका सुचांकहरुलाई आधार मानिनेछः –

(क) अनुदानको रकम तथा वितरित कर्जा ।

(ख) नेपाल सरकारको नीति तथा रणनीतिहरुको परिपालना तथा सो क्षेत्रमा नेपाल सरकारले निर्धारित गरेको लक्ष्य पुरा ।

(ग) वित्तीय मध्यस्थकर्ताहरुको क्षमता अभिवृद्धि जस अन्तर्गत शाखाहरु विस्तार, भौगोलिक फैलावट तथा प्राप्त कर्जाको प्रस्तावहरु तथा वितरित कर्जाको संख्या ।

(घ) वित्तीय मध्यस्थकर्ताहरुको क्षमता अभिवृद्धि जस अन्तर्गत कर्जा प्रस्तावहरु, फरफारक समयमा सुधार, अनुदान वितरण, तथा पुर्वाधार जस अन्तर्गत सूचना प्रवाह तथा भौतिक अवस्थाको स्तरोन्नतिका सम्बन्धमा अन्य सुधारहरु ।

(ङ) माग तथा आपूर्ति दुवैतर्फ वितरित विकास कर्जाहरुको संख्या ।

(च) केन्द्रले प्राविधिक रुपमा मूल्यांकन गरेको बैंक लगानी योग्य आयोजना प्रस्तावहरुको संख्या ।

(छ) कोषको लगानीबाट प्राप्त नाफा ।

(ज) जडान गरिएको तथा संचालनमा रहेको नवीकरणीय ऊर्जा आयोजनाहरु÷प्रणालीहरुको संख्या ।

(३) काम कारवाहीहरुको अनुगमनलाई प्रभावकारी बनाउन प्रबन्ध बैंकले समय समयमा विभिन्न प्रतिवेदनहरु पेश गर्नुपर्नेछ र त्यस्ता आवधिक प्रतिवेदनहरुको ढांचा लगानी समितिले तोके बमोजिम हुनेछ ।

(क) कार्यसम्पादन प्रतिवेदनः मासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक एवं वार्षिक रुपमा यस प्रतिवेदनले कोषको प्रयोग, बजेट तथा कोषको बाँडफाँडका विषयमा एकीकृत व्यवस्था प्रस्तुत गर्नेछ ।

(ख) खाता सम्बन्धी प्रतिवेदन :

(अ) प्रबन्ध बैंकले विभिन्न खाताको विवरणहरु तथा देहायका सूचनाहरु मासिक, चौमासिक, अर्धवार्षिक एवं वार्षिक रुपमा उपलब्ध गराउनेछः

(१) खाताको नाम र प्रयोजन,

(२) खाताको सञ्चालन लेजर, जम्मा भएको तथा झिकिएको रकमको जानकारी उपलब्ध

(३ हिसाब किताब गरी मासिक बाँकी रकम,

(४) खाताको ब्याजको गणना,

(५) उपयोग गरिएको कोषहरु, र

(६) प्रत्येक साझेदार बैंकको एक्स्पोजर तथा अनुदान रकमको विभाजन, हिस्साका हिसावले, सेवाहरुका हिसावले तथा स्थानका हिसावले

(आ) साझेदार बैंकहरुले सचिवालयलाई देहायका सूचनाहरु सहितको एकीकृत प्रतिवेदन मासिक, चौमासिक, अर्धवार्षिक एवं वार्षिक रुपमा उपलब्ध गराउनुपर्नेछ :

(१) उपभोक्ता तथा व्यवसायको लागि उपलब्ध गराइएको कर्जाहरुको सूची,

(२) पाईपलाईनमा रहेका आयोजनाहरु,

(३) हिस्सा तथा सेवाहरुका हिसाबले कर्जाको विभाजन,

(४) विभिन्न क्षेत्रहरुमा वितरित कर्जाको विभाजन र

(५) प्रतिवद्धता नजनाइएको रकम ।

(ग) स्थलगत प्रतिवेदनहरु : वित्तीय मध्यस्थकर्ताहरुले स्थलगत भ्रमण गरेको भए सो सम्बन्धी स्थलगत प्रतिवेदन पेश गर्नेछन् ।

(घ) प्रतिवेदनहरु तोकिएको समय अन्तरालमा सचिवालयमा पेश गरिनेछ, जसलाई सार संक्षेपीकरण गरी माथिको खण्डमा उल्लेख भए बमोजिम लगानी समिति तथा सरोकारवालाहरु समक्ष प्रस्तुत गरिनेछ।

४) सचिवालयले वित्तीय मध्यस्थकर्ताहरुसँग आवश्यक परेको समयमा तदर्थ सूचनाहरु माग गर्न सक्नेछ ।

(५) सचिवालयले देहायका विषयहरु सुनिश्चित गर्नको लागि आयोजनाको स्थलगत अनुगमन गर्न गराउन सक्नेछ :

(क) वित्तीय मध्यस्थकर्ताहरुले लगानी गरेका वा कोषले सहयोग उपलब्ध गराएका आयोजनाका काम कारवाहीहरुको मूल्यांकन गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्न ।

(ख) आयोजना क्षेत्रका जनताको आर्थिक तथा सामाजिक अवस्थाहरुको बारेमा मूल्यांकन गर्न,

(ग) आयोजनाको काम कारवाहीहरु तथा परिणामहरुको पुनरावलोकन गर्न,

(घ) प्रवर्द्धन, सचेतना तथा क्षमता अभिवृद्धिका आवश्यकताको सम्बन्धमा मूल्यांकन गर्न,

(ङ) ज्ञान व्यवस्थापनको लागि सफल असफल दुवै प्रकारका आयोजनाको अध्ययन गर्न ।

(च) कुनै खास क्षेत्रका कर्जा वा अनुदान लिने दिने कुरामा उल्लेख्य रुपमा परिवर्तन गर्न।

(छ) केन्द्र, स्थानीय तह, प्रदेश सरकार तथा वित्तीय मध्यस्थकर्ताहरुबाट प्राप्त अनुरोधहरुका सम्बन्धमा आवश्यक कारवाही गर्न ।

(ज) आवश्यकता अनुसारका अन्य विषयहरुमा स्थलगत अध्ययन गर्न ।

(६) उपदफा (५) बमोजिम स्थलगत अनुगमन गर्दा सचिवालयसँग केन्द्र, स्थानीय तह, प्रदेश सरकार तथा वित्तीय मध्यस्थकर्ताहरु पनि संलग्न हुन सक्नेछन् ।

**३०. लेखापरीक्षण** : (१) वैदेशिक लगानी रहेका आयोजना/कार्यक्रमको हकमा कोषको लेखापरीक्षण नेपाल सरकार तथा विकास साझेदारहरु बीच सम्पन्न संयुक्त लगानी सम्झौता तथा आयोजना/कार्यक्रमको स्वीकृत प्रशासनिक तथा वित्तीय मार्गदर्शन अनुसार हुनेछ।

(२) कोषको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालयबाट गराइनेछ।

(३) कोषको आय व्ययको महालेखा परीक्षकको कार्यालय वा महालेखा परीक्षकको कार्यालयबाट तोकिएको लेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

**३१. कोष र प्रबन्ध बैंक तथा साझेदार बैंकहरुबीच सम्झौता हुने :** (१) कोषको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा कोष र प्रबन्ध बैंक तथा कोष र साझेदार बैंकहरुबीच सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौताका आधार र शर्तहरु बोलपत्रका कागजात, बोलपत्रदाता बैंकबाट पेश भएका प्रस्ताव र कोष र बैंकबीचको वार्ता बमोजिम तय गरिनेछ

(३) उपदफा (१) र (२) बमोजिमको सम्झौतामा यस कार्यविधिमा उल्लेख नभएका तर कोषको वित्तीय सीमा र व्यवस्थापनको लागि आवश्यक अन्य विषयहरु उल्लेख गर्न सकिनेछ ।

**३२. नीति तथा मार्गदर्शनहरु बमोजिम हुने** : (१) कोष व्यवस्थाको सम्झौताहरु नेपाल सरकारले स्वीकृत गरेका ऐन, नियम, नीति, निर्देशिका र विकास साझेदारसँग भएका सम्झौता एवं कोषको निर्देशिका बमोजिम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौता यसै निर्देशिकाको अभिन्न अंग मानिनेछ ।

**<u>३३. कोषको प्रयोगका सम्बन्धमा प्रतिवेदन दिने</u> :** (१) कोषको सचिवालयले कोषको प्रयोग अवस्था र सञ्चालनका सम्बन्धमा लगानी समिति तथा केन्द्रलाई तोकिएको ढाँचामा मासिक, चौमासिक, अर्धवार्षिक, बार्षिक प्रगति प्रतिवेदनहरु तथा लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन तयार गर्न सचिवालय तथा वित्तीय मध्यस्थकर्ताहरुले सहयोग गर्नेछन्।

(३) विकास साझेदारहरुसँग भएको सम्झौता बमोजिम कोषको प्रगति तथा लेखा परीक्षण प्रतिवेदन उपलब्ध गराइनेछ ।

**<u>३४. व्याख्या गर्ने अधिकार</u>** : यस निर्देशिकाको प्रयोग र पालनामा कुनै द्विविधा भएमा समितिले व्याख्या गरी समस्या समाधान गर्नेछ ।

**<u>३५. संशोधन गर्न सकिने</u> :** यस निर्देशिकालाई आवश्यकता र औचित्यको आधारमा समितिको सिफारिसमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

**<u>३६. विवाद समाधान सम्बन्धी व्यवस्था</u>** : (१) कोषले कार्यक्रम सञ्चालन गर्ने क्रममा कुनै विवाद उत्पन्न भएमा सम्झौता अनुसार आपसी समझदारीमा समाधान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ ।

**<u>३७. सम्झौता रद्द हुन सक्ने</u>** : (१) कुनै व्यक्ति वा संस्थाले कोषसँग भएको सम्झौता बमोजिम कार्य नगरेमा वा सम्झौता बमोजिमका शर्तहरु पालना नगरेमा कोषले सम्बन्धितलाई उचित समय दिई सुधार गर्न निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा सम्बन्धितसँग भएको सम्झौता किन रद्द नगर्ने भनी मुनासिव माफिकको समय दिई सफाइको मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धितले दिएको सफाई चित्त बुझ्दो नभएमा सम्बन्धितसँग गरिएको सम्झौता लगानी समितिले रद्द गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झौता रद्द भएको खण्डमा देहाय बमोजिम हुनेछ :

(क) सम्झौता बमोजिमको कार्य शुरु नभएको हकमा पेश्की रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(ख) सम्झौता बमोजिमको कार्य नभएको हदसम्म भुक्तानी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(ग) सम्बन्धित व्यक्ति वा संस्थालाई कोष तथा केन्द्रको आगामी तीन आर्थिक वर्षको कार्यक्रममा सहभागी गराइने छैन ।

**<u>३८. काबू बाहिरको परिस्थिति</u>**ः दफा (३७) मा जेसुकै भनिए तापनि सुक्खा, अनावृष्टि, अतिवृष्टि, भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता विपद वा प्राकृतिक प्रकोप तथा महामारी वा आकस्मिक वा अप्रत्याशित युद्ध वा आन्तरिक द्वन्द्व जस्ता विशेष कारणबाट सिर्जित काबू बाहिरको परिस्थितिमा सम्झौताको म्याद आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

# अनुसूचीहरु

## अनुसूची–१ : स्वघोषणाको ढाँचा

## {दफा १७ को उपदफा (१) (ख) सँग सम्बन्धित}

म नेपालको प्रचलित कानून बमोजिम केन्द्रीय नवीकरणीय ऊर्जा कोषबाट व्यवसाय कर्जा लिन देहायको अयोग्यता नभएको स्वघोषणा गर्दछु :

(क) कुनै प्रकारको आपराधिक तथा गैरसामाजिक कार्यहरुमा संलग्न भएको,

(ख) भ्रष्टाचार, मानव बेचबिखन तथा ओसारपसार, जबर्जस्ती करणी, लागु औषध ओसारपसार,सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजायँ पाएको

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा ३ वर्ष पुरा नभएको

(घ) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको र

(ङ) गैरनेपाली नागरिक ।

कुनै पनि कारणबाट यो स्वघोषणा बमोजिम नभएको प्रमाणित भएमा कानून बमोजिम कारवाही भोग्न मेरो मञ्जुरी छ ।

दस्तखत :

मिति :

नाम :

संस्थाको नाम :

पद :

ठेगाना :

संस्थाको छाप :

## अनुसूची—२ : भायबिलिटी ग्याप फण्डिङ्ग सहयोगका उद्देश्य र प्राथमिकताका क्षेत्रहरु

## {दफा १९ को उपदफा (३) (क) सँग सम्बन्धित}

(१) भायबिलिटी ग्याप फण्डिङ्गका उद्देश्यहरु देहाय बमोजिम हुनेछन :

(क) आयोजनाहरुको कार्यान्वयनमा हुनसक्ने जोखिम व्यवस्थापनका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(ख) आयोजनाहरुको कार्यान्वयन गर्न आवश्यक पर्ने कर्जामा आवश्यकताको आधारमा निश्चित प्रतिशतसम्म कर्जा जमानीको व्यवस्था गर्ने,

(ग) आयोजनाहरुको दिगो सञ्चालनका लागि आवश्यकता अनुसार बिमाको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(घ) दिगो ऊर्जा प्रविधिहरुको उत्पादन सञ्चालन वा स्तरोन्नतिमा सहयोग गर्ने लघु उद्यम तथा घरेलु, साना, मझौला र ठुला उद्योगहरुलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने र

(ङ) लघु उद्यम तथा घरेलु, साना, मझौला र ठूला उद्योगमा दिगो ऊर्जा प्रयोगको प्रवर्द्धन सहित आम्दानी वृद्धि गर्न सहयोग गर्ने ।

(२) भायबिलिटी ग्याप फण्डिङ्गका प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् :

(क) "हरेक बस्ती, ऊर्जा बस्ती" को अवधारणा अनुसार खानेपानी, सिंचाइ, सौर्य सडक बत्ती, राष्ट्रिय प्रशारण लाइनमा आबद्ध गरिने विकेन्द्रीकृत ऊर्जा प्रणाली आदिबाट विकेन्द्रीकृत ऊर्जा उत्पादन, नेट मिटरिङ्ग, ऊर्जा सम्मिश्रण, रुफटप सौर्य प्रणाली र ऊर्जा सुरक्षाको सुनिश्चितता बढाउने आयोजनाहरु,

(ख) ऊर्जाको पहुँच नपुगेको विपन्न तथा दुर्गम समुदायमा नवीकरणीय ऊर्जाको पहुँच वृद्धि गर्ने आयोजनाहरु,

(ग) प्रदेश तथा स्थानीय तहमा नमुनाको रुपमा स्थापना र सञ्चालन गर्न प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउने आयोजनाहरु,

(घ) जोखिम न्यूनीकरण तथा व्यावसायिक दृष्टिकोणबाट आकर्षक बनाउन आवश्यकताको आधारमा जमानी तथा बिमाको व्यवस्था गर्ने/गराउने आयोजनाहरु र

(ङ) प्रदेश र स्थानीय सरकारले लगानी गर्ने आयोजनाहरुमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप आवश्यकता अनुसार विशेष संस्थाको स्थापना गरी आयोजना सञ्चालनमा सहयोग पुऱ्याउने र अपेक्षित प्रतिफल प्राप्त हुने आयोजनाहरु ।

## अनुसूची—३ : आयोजनाको माग, प्रारम्भिक छनौट प्रक्रिया र छनौटका आधारहरु
## {दफा १९ को उपदफा (३) (ख) सँग सम्बन्धित}

३.१ आयोजनाहरुको माग, प्रारम्भिक छनौट प्रक्रिया र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :

(१) आयोजनाहरुलाई नवीनता, दक्षता, प्रभावकारिता र अपेक्षित प्रतिफलको आधारमा स्वतन्त्र रुपमा छनौट गर्न केन्द्रले राष्ट्रियस्तरका कुनै एक दैनिक पत्रिका र मन्त्रालय तथा केन्द्रको वेबसाइट मार्फत कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशित गरी प्रस्तावक संस्थाहरुबाट लगानी समितिले तोकेको ढाँचामा आयोजना विकासको लागि अवधारणा पत्र माग गर्नेछ ।

(२) प्रकरण (१) बमोजिम प्राप्त अवधारणा पत्रहरुको प्रारम्भिक छनौट गर्न देहाय बमाजिमको प्रारम्भिक छनौट समिति रहनेछ :

| | |
|---|---|
| (क) केन्द्रको सम्बन्धित महाशाखा प्रमुख | - संयोजक |
| (ख) केन्द्रको सम्बन्धित शाखा प्रमुख | - सदस्य |
| (ग) केन्द्रले मनोनित गरेको सम्बन्धित कार्यक्रमको विज्ञ | - सदस्य |
| (घ) मन्त्रालयको (सम्बन्धित प्राविधिक) प्रतिनिधि | - सदस्य |
| (ङ) भायबिलिटी ग्याप फण्डिङ्गका प्रबन्धक | - सदस्य-सचिव |

(३) प्रकरण (२) बमोजिमको प्रारम्भिक छनौट समितिमा आवश्यकता अनुसार अन्य विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) प्रारम्भिक छनौट समितिले अवधारणापत्रहरुको अध्ययन गरी देहायका आधार बमोजिम आयोजनाको प्रारम्भिक छनौट गर्नेछ :

(क) प्रस्तावक संस्थाको योग्यता (ग्राह्यता),
(ख) आयोजनाको प्राविधिक सम्भाव्यता,
(ग) आयोजनाको आर्थिक पक्ष र संलग्न संस्थाहरुबाट हुने लगानीको हिस्सा,
(घ) आयोजनाको अपेक्षित प्रतिफल र कार्यान्वयनबाट हुने प्रभाव ।

(५) प्रारम्भिक छनौट समितिले प्रकरण (४) बमोजिम छनौट भएको अवधारणापत्रहरु केन्द्र मार्फत सचिवालयमा पेश गर्नुपर्नेछ ।

३.२ प्रकरण (३.१) बमोजिम आयोजनाको प्रारम्भिक छनौट प्रक्रिया र छनौटका आधारहरुमा जेसुकै भनिए तापनि अनुसूची ५ (क), (ङ) र (च) बमोजिमका प्राविधिक र आर्थिक पक्षको अध्ययन/ विश्लेषण भई कुनै पनि "क" वा "ख" वर्गको बैंकले ऋण स्वीकृति प्रदान गरिसकेका आयोजनाहरु सोझै अन्तिम छनौटको लागि योग्य हुनेछन् ।

## अनुसूची—४ : पूर्ण प्रस्ताव माग तथा अन्तिम छनौट सम्बन्धी प्रक्रियाहरु
## {दफा १९ को उपदफा (३) (ग) सँग सम्बन्धित}

आयोजनाको पूर्ण प्रस्ताव माग तथा अन्तिम छनौट सम्बन्धी प्रक्रियाहरु देहाय बमोजिम हुनेछन् :

(१) सचिवालयले प्रारम्भिक छनौट भएका सम्बन्धित प्रस्तावक संस्थाहरुबाट पूर्ण प्रस्ताव माग गर्नेछ ।

(२) प्रकरण (१) बमोजिम प्राप्त प्रस्तावहरुबाट लगानी समितिले तोकेको ढाँचामा आवश्यक कागजातहरु सहित तीस दिनको समय दिई पूर्ण प्रस्ताव माग गर्नेछ ।

(३) पूर्ण प्रस्तावको मूल्याङ्कन गर्न आवश्यक विज्ञहरुको सूचि तयार गर्न कोषले राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिका र मन्त्रालय तथा केन्द्रको वेबसाइट मार्फत कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक विज्ञहरुको सूची तयार गर्नेछ ।

(४) प्रकरण (३) बमोजिम सूचिकृत विज्ञहरुमध्येबाट आयोजनाको प्रकृति र आवश्यकता अनुसार कम्तीमा तीन जना स्वतन्त्र विज्ञहरूलाई सचिवालयले लगानी समितिको अध्यक्ष तथा केन्द्रको प्रमुखसँगको सहमतिमा स्वतन्त्र मूल्याङ्कन समिति सदस्यका रुपमा मनोनयन गर्नेछ।

(५) स्वतन्त्र मूल्याङ्कन समितिले प्राप्त पूर्ण प्रस्तावहरुको मूल्याङ्कन गर्नु अघि प्रस्तावक संस्थाहरुको प्राविधिक क्षमता, वित्तीय क्षमता, जनशक्ति, संस्थागत अनुभव र आयोजना कार्यान्वयन गर्ने क्षमताको परीक्षण गर्न लगानी समितिले तोकेको ढाँचामा सम्बन्धित क्षेत्रका दक्ष प्राविधिकको सहयोग समेतमा संस्था परीक्षण (ड्यु डिलिजेन्स) गरिनेछ ।

(६) पेश भएका कागजातहरुको अध्ययन पश्चात् आवश्यकता अनुसार प्रस्तावक संस्थाको स्थलगत निरीक्षण समेत गर्न सकिनेछ ।

(७) प्रकरण (५) र (६) बमोजिम संस्था परीक्षण र स्थलगत निरीक्षणको प्रतिवेदन सचिवालय समक्ष पेश गर्नुपर्नेछ ।

(८) प्रकरण (४) बमोजिमको स्वतन्त्र मूल्याङ्कन समितिले लगानी समितिद्वारा स्वीकृत गरेको मापदण्ड अनुसार प्राप्त पूर्ण प्रस्तावहरुको प्राविधिक तथा आर्थिक पक्षहरुको मूल्याङ्कन गरी योग्यता पुगेका र उपयुक्त देखिएका प्रस्तावहरुलाई स्वीकृतिको लागि सचिवालयमा सिफारिस गर्नेछ ।

(९) सचिवालयले स्वतन्त्र मूल्याङ्कन समितिले सिफारिस गरेका प्रस्तावहरुलाई लगानी समितिमा पेश गर्नुअघि केन्द्र, सम्बन्धित विकास साझेदार संस्था र सम्बन्धित कार्यक्रमका प्रतिनिधिसँग समन्वय गरी आर्थिक सहयोगमा दोहोरोपना, स्रोतको उपलब्धता लगायतका वित्तीय र कानुनी पक्षहरु पालना भए नभएको निक्यौंल गर्नेछ ।

(१०) सचिवालयले अन्तिम निर्णयको लागि सिफारिस गरेका उपयुक्त प्रस्तावहरुलाई लगानी समितिले स्वीकृत गर्नेछ।

(११) पूर्ण प्रस्ताव स्वीकृत भएपछि केन्द्र र प्रस्तावक संस्थाबीच स्वीकृत आयोजनाको कार्यान्वयन तालिका, कार्यसम्पादन सूचक र भायबिलिटी ग्याप फण्डिङ्गबाट प्राप्त हुने सहयोगको बारेमा प्रष्ट उल्लेख गरी कार्य सम्पादनमा आधारित सम्झौता हुनेछ ।

## अनुसूची—५ : आयोजनाका लगानीका क्षेत्र, सहयोगको किसिम र सीमा
## {दफा १९ को उपदफा (३) (घ) सँग सम्बन्धित}

आयोजनाका लगानीका क्षेत्र, सहयोगको किसिम र सीमा देहाय बमोजिम हुनेछन् :

(१) नवीकरणीय ऊर्जाको उत्पादन र समिश्रण तथा ऊर्जाको दक्षता वृद्धि गरी ऊर्जा पहुँच र ऊर्जा सुरक्षालाई प्रवर्द्धन गर्ने आयोजनाहरुलाई प्रोत्साहन गर्न केन्द्रले भायबिलिटी ग्याप फण्डिङ्ग (च्यालेञ्ज फण्ड) मार्फत प्राविधिक सहयोग तथा देहाय बमोजिम आर्थिक सहयोग उपलब्ध गराउनेछ :

(क) स्थानीय तह तथा प्रदेश सरकारको लगानीमा कार्यान्वयन हुने सार्वजनिक निजी साझेदारीका आयोजनाहरुको हकमा आयोजनाको कुल लागतको अधिकतम पचास प्रतिशत वा आर्थिक प्रस्तावमा माग गरेको रकम मध्ये जुन कम हुन्छ सो रकम उपलब्ध गराउने,

(ख) प्रविधि तथा आयोजनाहरुको माग एकीकृत गरी कार्यान्वयन गरिने आयोजनाहरुको हकमा बजार विकास र प्रणाली प्रवर्द्धनमा हुने लगानीमा प्रति इकाई लागत र प्रतिफलमा आधारित आयोजनाको कुल लागतको अधिकतम पचास प्रतिशत वा आर्थिक प्रस्तावमा माग गरेको रकम मध्ये जुन कम हुन्छ सो रकम, बढीमा एक करोड रुपैयाँ सम्म उपलब्ध गराउने,

(ग) लिलाम घटाघट (रिभर्स अक्सन) प्रक्रियाबाट ऊर्जाको पहुँच पुऱ्याउने आयोजनाहरुको हकमा घरधुरीको आधारमा हुने लगानीमा प्रति घरधुरी अधिकतम दश हजार रूपैयाँ वा आर्थिक प्रस्तावमा माग गरेको रकम मध्ये जुन कम हुन्छ सो रकम उपलब्ध गराउने,

(घ) विद्यमान साना तथा लघु जलविद्युत र अन्य नवीकरणीय ऊर्जाद्वारा सञ्चालित मिनीग्रिडको प्राविधिक, व्यवस्थापन वा वित्तीय सुधार गरिने आयोजनाहरुको हकमा कुल आयोजना सुधार हुन लाग्ने लागतको अधिकतम पचास प्रतिशत रकम वा आर्थिक प्रस्तावमा माग गरेको रकम मध्ये जुन कम हुन्छ सो रकम, बढीमा एक करोड रुपैयाँ सम्म उपलब्ध गराउने,

(ङ) राष्ट्रिय प्रसारणमा जडान हुने र कम्तिमा वार्षिक उत्पादित विद्युतको एकाउन्न प्रतिशत स्व-उपयोग गर्ने क्याप्टिभ आयोजनालाई व्यावसायिक रुपमा सफल सञ्चालन गर्नका लागि लिने कर्जाको ब्याजमा वित्तीय संस्थाले तोकेको ब्याजको पाँच बर्षसम्मको बढीमा पचास प्रतिशत ब्याज सहुलियत वा आर्थिक प्रस्तावमा माग गरेको ब्याज सहुलियत मध्ये जुन कम हुन्छ सो ब्याज सहुलियत प्रदान गर्ने,

(च) राष्ट्रिय प्रसारणमा जडान हुने र कम्तीमा वार्षिक उत्पादित विद्युतको एकाउन्न प्रतिशत स्व-उपयोग गर्ने क्याप्टिभ आयोजना (बढीमा १ मेगावाट सम्मको) लाई प्रति युनिट बढीमा एक रुपैया पचास पैसा वा आर्थिक प्रस्तावमा माग गरेको प्रति युनिट सहयोग मध्ये जुन कम हुन्छ सो रकम पाँच बर्षसम्मको लागि उत्पादन परिमाणको आधारमा चौमासिक रुपमा प्रोत्साहन रकम उपलब्ध गराउने,

(छ) भायबिलिटी ग्याप फण्डिङ्गको दिगो ऊर्जा प्रवर्द्धनको उद्देश्यसँग मेल खाने अन्य नवीनतम व्यवसायिक प्रकृतिका आयोजनाहरुको हकमा खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) मा

उल्लेख गरिएका कुनै पनि सहयोगको सीमामा नपर्ने नवीनतम् आयोजनाहरुलाई प्रतिस्पर्धी आधारमा लागतको अधिकतम पचास प्रतिशत वा आर्थिक प्रस्तावमा माग गरेको रकम मध्ये जुन कम हुन्छ सो रकम, बढीमा एक करोड रुपैयाँ सम्म उपलब्ध गराउने र

(ज) खण्ड (क) देखि (छ) सम्म उल्लेख भएका कुनै आयोजनाहरुले आयोजनाको लागि आवश्यक कर्जा लिन चाहेमा सहज रुपमा कर्जा उपलब्ध हुनका लागि जम्मा कर्जाको बढीमा बीस प्रतिशत सम्म जमानी बसिदिने,

(२) प्रकरण (१) को खण्ड (क) देखि (छ) सम्म उल्लिखित व्यवस्था मध्ये दोहोरो नपर्ने गरी कुनै एक खण्ड बमोजिम मात्र सहयोग उपलब्ध गराइनेछ ।

## अनुसूची—६ : भायबिलिटी ग्याप फण्डिङ्ग मार्फत सहयोग प्राप्त गर्न सक्ने सम्भावित आयोजनाहरु र प्रस्तावक संस्थाहरुको विवरण

### {दफा १९ को उपदफा (३) (ङ) सँग सम्बन्धित}

| क्र.स. | लगानीका क्षेत्रहरु | सम्भावित आयोजनाहरु | योग्य आवेदक संस्थाहरु |
|---|---|---|---|
| १ | स्थानीय तह तथा प्रदेश सरकारको लगानीमा कार्यान्वयन हुने सार्बजनिक निजी साझेदारीका आयोजनाहरु | स्थानीय तथा प्रदेश सरकारको लगानीमा कार्यान्वयन हुने सार्वजनिक निजी साझेदारीका आयोजनाहरू | स्थानीय सरकारको संलग्नतामा सार्वजनिक निजी साझेदारीमा स्थापित संस्थाहरु |
| २ | प्रविधि तथा आयोजनाहरुको माग एकीकृत गरी कार्यान्वयन गरिने आयोजनाहरु | (क) सार्वजनिक निजी साझेदारीमा स्थानीय सरकारले प्रस्ताव गरेका आयोजनाहरु<br>(ख) घरेलु नवीकरणीय ऊर्जा प्रणाली प्रवर्द्धन गर्ने आयोजनाहरु<br>(ग) नवीकरणीय ऊर्जामा आधारित सिंचाई प्रणाली प्रवर्द्धन गर्ने आयोजनाहरु<br>(घ) नवीकरणीय ऊर्जाको प्रयोगबाट घरेलु, लघु, साना र मझौला उद्यमहरू प्रवर्द्धन गर्ने आयोजनाहरु | (क) स्थानीय सरकारको संलग्नतामा सार्वजनिक निजी साझेदारीमा स्थापित संस्थाहरु<br>(ख) ऊर्जा कम्पनीहरु<br>(ग) वित्तीय संस्थाहरु (सबै किसिमका बैंक)।<br>(घ) सहकारी संस्थाहरु |
| ३ | लिलाम घटाघट प्रक्रियाबाट ऊर्जाको पहुँच पुर्याउने आयोजनाहरु | (क) सार्वजनिक निजी साझेदारीमा स्थानीय सरकारले प्रस्ताव गरेका आयोजनाहरू<br>(ख) अन्य संस्थाले प्रस्ताव गरेका घरधुरीमा दिगो ऊर्जाको पहुँच प्रवर्द्धन गर्ने आयोजनाहरु | (क) स्थानीय सरकारको संलग्नतामा सार्वजनिक निजी साझेदारीमा स्थापित संस्थाहरु<br>(ख) ऊर्जा कम्पनीहरु<br>(ग) वित्तीय संस्थाहरु (सबै किसिमका बैंक)।<br>(घ) सहकारी संस्थाहरु |
| ४ | विद्यमान साना तथा लघु जलविद्युत र अन्य नवीकरणीय ऊर्जाद्धारा सञ्चालित मिनीग्रिडको प्राविधिक, व्यवस्थापन वा वित्तीय सुधार गरिने आयोजनाहरु | (क) साना तथा लघु जलविद्युत आयोजनाहरु<br>(ख) सौर्य ऊर्जा मिनीग्रिड आयोजनाहरु<br>(ग) वायु ऊर्जा मिनीग्रिड आयोजनाहरु<br>(घ) बायोमास मिनीग्रिड आयोजनाहरु<br>(ङ) अन्य नवीकरणीय ऊर्जाद्वारा सञ्चालित मिनीग्रिड आयोजनाहरु | (क) स्थानीय सरकारको संलग्नतामा सार्वजनिक निजी साझेदारीमा स्थापित संस्थाहरु<br>(ख) ऊर्जा कम्पनीहरु<br>(ग) वित्तीय संस्थाहरु (सबै किसिमका बैंक)।<br>(घ) सहकारी संस्थाहरु |
| ५ | बैंक ब्याजमा सहुलियत प्राप्त गर्न सक्ने क्याप्टिभ आयोजनाहरु | (क) विभिन्न नवीकरणीय ऊर्जामा आधारित विकेन्द्रीत ऊर्जा उत्पादनमा सघाउ पुर्याउने क्याप्टिभ आयोजनाहरु | (क) स्थानीय सरकारको संलग्नतामा सार्वजनिक निजी साझेदारीमा स्थापित संस्थाहरु |

| | | | |
|---|---|---|---|
| | | (ख) विद्युत सेवालाई भरपर्दो बनाउने र चुहावट घटाउन सहयोग पुर्याउने क्याप्टिभ आयोजनाहरू | (ख) कम्पनी ऐन अन्तर्गत दर्ता भएका उद्योगहरु, वाणिज्य इकाईहरु<br>(ग) ऊर्जा कम्पनीहरु<br>(घ) वित्तीय संस्थाहरु (सबै किसिमका बैंक)<br>(ङ) सहकारी संस्थाहरु |
| ६ | विद्युतको उत्पादनको परिमाणको आधारमा थप सहयोग प्राप्त गर्न सक्ने ग्रिडमा जडान हुने क्याप्टिभ आयोजनाहरु | (क) विभिन्न नवीकरणीय ऊर्जामा आधारित विकेन्द्रीकृत ऊर्जा उत्पादनमा सघाउ पुर्याउने क्याप्टिभ आयोजनाहरु<br>(ख) विद्युत सेवालाई भरपर्दो बनाउने र चुहावट घटाउन सहयोग पुर्याउने क्याप्टिभ आयोजनाहरू | (क) स्थानीय सरकारको संलग्नतामा सार्वजनिक निजी साझेदारीमा स्थापित संस्थाहरु<br>(ख) कम्पनी ऐन अन्तर्गत दर्ता भएका उद्योगहरु, वाणिज्य इकाईहरु<br>(ग) ऊर्जा कम्पनीहरु<br>(घ) वित्तीय संस्थाहरु (सबै किसिमका बैंक)<br>(ङ) सहकारी संस्थाहरु |
| ७ | भायबिलिटी ग्याप फण्डिङ्ग मार्फत दिगो ऊर्जा प्रवर्द्धनको उद्देश्यसँग मेल खाने अन्य नवीनतम व्यवसायिक प्रकृतिका आयोजनाहरु | (क) सार्वजनिक निजी साझेदारीमा स्थानीय सरकारले प्रस्ताव गरेको आयोजनाहरु<br>(ख) ऊर्जा सम्मिश्रण, ऊर्जा दक्षता र ऊर्जा सुरक्षामा योगदान पुर्याउने आयोजनाहरू | (क) स्थानीय सरकारको संलग्नतामा सार्वजनिक निजी साझेदारीमा स्थापित संस्थाहरु<br>(ख) कम्पनी ऐन अन्तर्गत दर्ता भएका उद्योगहरु, वाणिज्य इकाईहरु<br>(ग) ऊर्जा कम्पनीहरु<br>(घ) वित्तीय संस्थाहरु (सबै किसिमका बैंक)<br>(ङ) सहकारी संस्थाहरु |
| ८ | सहज रुपमा कर्जा प्राप्त हुन निश्चित अवधिको लागि निश्चित प्रतिशतसम्मको जमानी बसिदिने | क्र.स. १ देखि ७ सम्म उल्लेख भए अनुसारका आर्थिक र प्राविधिक सहयोग उपलब्ध हुने सम्बन्धित सबै सम्भावित आयोजनाहरु | क्र.स. १ देखि ७ सम्म उल्लेख भए अनुसारका सबै आयोजनाहरु कार्यान्वयन गर्ने योग्य प्रस्तावक संस्थाहरु |

## अनुसूची—७ : आयोजनाको कार्यान्वयन, गुणस्तर मापन तथा अनुगमन सम्बन्धी व्यवस्था
## {दफा १९ को उपदफा (३) (च) सँग सम्बन्धित}

(१) आयोजनाको कार्यान्वयन केन्द्र र कोषसँगको समन्वयमा प्रस्तावक संस्थाले गर्नेछ ।

(२) आयोजनाको गुणस्तर मापन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) आयोजनामा उपयोग हुने उपकरणहरू केन्द्रको स्वीकृत प्राविधिक मापदण्ड बमोजिम हुनुपर्नेछ ।

(ख) प्रकरण (क) बमोजिमका उपकरणहरु नवीकरणीय ऊर्जा परीक्षण केन्द्रद्वारा परीक्षण गरी प्रमाणीकरण भएको हुनुपर्नेछ। नवीकरणीय ऊर्जा परीक्षण केन्द्रमा परीक्षण सुविधा नभएका उपकरणहरुको हकमा आधिकारिक अन्तर्राष्ट्रिय परीक्षण केन्द्रमा परीक्षण गरी प्रमाणीकरण भएको हुनुपर्नेछ ।

(ग) अन्तर्राष्ट्रिय स्तरका प्राविधिक गुणस्तर प्रमाणपत्र भएको हकमा त्यस्ता कम्पनी वा सो मार्फत उत्पादित उपकरणको प्राविधिक स्तर र प्रमाणपत्रको प्रमाणीकरण केन्द्रबाट वा केन्द्रले तोकेको आधिकारीक निकायबाट समेत गर्न सकिनेछ ।

(३) आयोजनाको अनुगमन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) कार्य सम्पादनमा आधारित सम्झौताका शर्तहरु, प्रतिफलका सूचक र कार्यान्वयन तालिकाको आधारमा कोषले आयोजना कार्यान्वयनको नियमित अनुगमन गर्नेछ ।

(ख) केन्द्र र कोषले लगानीकर्तालाई आयोजना निर्माण कार्य छिटो छरितो गराउनको लागि नियमित रुपमा समन्वय गर्नेछ ।

(ग) आयोजनाको अनुगमन मन्त्रालय, राष्ट्रिय योजना आयोग, समिति, केन्द्र, लगानी समिति, कोष, स्वतन्त्र विज्ञ वा केन्द्रमा सूचीकृत परामर्शदाता मार्फत् गर्न सकिनेछ ।

## अनुसूची—८ : कार्वन आम्दानीको उपयोग सम्वन्धी व्यवस्था

## {दफा २५ को उपदफा (२) (च) को (आ) सँग सम्बन्धित}

नवीकरणीय ऊर्जामा आधारित कार्बन आयोजना विकास र सञ्चालन मार्फत कार्बन व्यापारबाट केन्द्रलाई प्राप्त कार्बन आम्दानी उपयोग सम्बन्धी व्यवस्था :

(१) आम्दानीको ८१ प्रतिशत रकम केन्द्रले आवश्यकता यकिन गरी वार्षिक कार्यक्रम बनाई सम्बन्धित वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धनको लागि अनुदान दिन देहाय बमोजिम उपयोग गरिनेछ :

(क) लघु तथा साना जलविद्युत, सौर्य वा सौर्य —वायु मिनीग्रिड, ठूला बायोग्यास लगायतका सामुदायिक र संस्थागत नवीकरणीय ऊर्जा प्रविधिहरुबाट प्राप्त आम्दानीको हकमा तत् तत् नवीकरणीय ऊर्जा प्रविधिको विस्तारका लागि कार्बन आम्दानीको ३० प्रतिशत रकम र स्थापना भइ सञ्चालनमा आइसकेका तत् तत् नवीकरणीय ऊर्जा प्रविधिहरुको निरन्तर र दिगो सञ्चालन सुनिश्चित गर्न मर्मत सम्भारका लागि कार्बन आम्दानीको ५१ प्रतिशत रकम ।

(ख) बायोग्यास, सुधारिएको चुलो, सुधारिएको पानीघट्ट लगायतका घरायसी नवीकरणीय ऊर्जा प्रविधिहरुबाट प्राप्त आम्दानीको हकमा तत् तत् नवीकरणीय ऊर्जा प्रविधिको विस्तारका लागि कार्बन आम्दानीको ५० प्रतिशत रकम र स्थापना भइ सञ्चालनमा आइसकेका तत् तत् नवीकरणीय ऊर्जा प्रविधिहरुको निरन्तर र दिगो सञ्चालन सुनिश्चित गर्न मर्मत सम्भारका लागि कार्बन आम्दानीको ३१ प्रतिशत रकम ।

(ग) माथि प्रकरण (क) र (ख) बमोजिम तत् तत् नवीकरणीय ऊर्जा प्रविधिको विस्तारका लागि दिइने अनुदान प्रचलित नवीकरणीय ऊर्जा अनुदान नीति बमोजिम खर्च गर्ने ।

(घ) माथि प्रकरण (क) र (ख) बमोजिम सञ्चालनमा आइसकेका नवीकरणीय ऊर्जा प्रविधिको मर्मत सम्भारका लागि दिइने अनुदान केन्द्रले आवश्यकता यकिन गरी वार्षिक कार्यक्रम बनाई सम्बन्धित प्रविधिको स्वामित्व रहेको संस्था वा व्यक्तिको समेत न्यूनतम ३० प्रतिशत लागत सहभागिता सुनिश्चित हुने गरी नवीकरणीय ऊर्जा प्रविधिको मर्मत सम्भारका लागि खर्च गर्ने ।

(२) कार्बन आम्दानीको १७ प्रतिशत रकम केन्द्रले आवश्यकता यकिन गरी वार्षिक कार्यक्रम बनाई केन्द्र मार्फत कार्यक्रम व्यवस्थापन सम्बन्धी देहायका काममा उपयोग गरिनेछ :

(क) जडित नवीकरणीय ऊर्जा प्रविधिहरुको समायोजन गरी कार्बन आयोजना विकास (Project Development) गर्ने तथा कार्बन आयोजनाको नियमित, भ्यालिडेसन, अनुगमन र भेरिफिकेसन गर्ने कार्यहरु ।

(ख) केन्द्र अन्तर्गत जलवायु परिवर्तन र कार्बन सम्बन्धी संस्थागत क्षमता विकास तथा जनशक्ति परिचालन र कार्बन आयोजनाका सरोकारवालाहरुबीच जनचेतना अभिवृद्धि र तालिम सम्बन्धी कार्यहरु ।

(ग) आवश्यकता अनुसार स्वतन्त्र परामर्शदाता मार्फत गरिने कार्बन आयोजना कार्यान्वयनको प्रभाव मूल्याङ्कन ।

(३) कार्बन व्यापारबाट प्राप्त आम्दानीको दुई प्रतिशत रकम वातावरण संरक्षण कोषमा जम्मा गरिनेछ।

(४) जडान भएका प्रणालीको स्वामित्व उपभोक्तामा नै रहने भएकाले केन्द्रले नवीकरणीय ऊर्जा प्रणालीमा उपभोक्तालाई अनुदान प्रदान गरे बापत कार्बन परियोजना अन्तर्गत समावेश रहेका सबै उपभोक्ताहरुले सम्बन्धित नवीकरणीय ऊर्जा प्रणालीबाट प्राप्त हुने उत्सर्जन न्यूनीकरण अधिकार केन्द्रमा हस्तान्तरण गर्नु पर्नेछ ।